ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
सन्देश
प्रदेश 'क' वर्ग
Hetauda Sandesh Daily
वर्ष: २५ ॥ अंक: २९० ॥ शुक्रबार २७ चैत २०८२ ॥ अष्ठमी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Friday 10 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्य: रु.३/-

त्रिभुवनद्वारा टोल परिचालन कमिटी

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-११ स्थित त्रिभुवन मार्गिबाट टोल परिचालन कमिटी गठन भएको छ। वडास्थित नवलपुरमा अवस्थित मार्गिले गोल्फिनटारमा अभिभावक भेला गरी परिचालन कमिटी गठन गरेको हो। कमिटीमा पूर्णकुमारी बस्नेत अध्यक्ष चयन भएकी छन् भने उपाध्यक्षमा कल्पना सापकोटालाई चयन गरिएको छ।

सदस्यमा बबिता बानियाँ, सीता बानियाँ, विशाल तामाङ, बुद्धिमान पाखिन, कुमारी खत्री, बादुली थापा, ममता पटेल, भुवादेवी सापकोटा चयन भएका छन् भने सल्लाहकारमा रामेश्वर पोखरेल, देवीमाया पोखरेल छन्। कमिटी गठनमा विद्यालयका प्रअ रामकुमार बर्तौला, सहायक प्रअद्वय शर्मिला ढकाल र बैकुण्ठ नेपाल, विद्यालय व्यवस्थापन समिति सदस्य गोविन्दप्रसाद न्यौपानेलगायतको उपस्थिति थियो।

भूबराह पूजाकै दिनदेखि रोकिएको सुरुङमार्ग

सन्देश संवाददाता

हेटौंडा/'देशको मुहार फेर्ने' परिकल्पना गरिएको भीमफेदी-कुलेखानी सुरुङमार्ग परियोजनामा भएको 'गम्भीर अनियमितता'सम्बन्धमा विभिन्न प्रश्न उठाउँदै सरकारको ध्यानाकर्षण गराइएको छ।

'सेवा, सहयोग र आवाजमा हामी' मकवानपुरले भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास मन्त्रालयसमक्ष ध्यानाकर्षण गराएको हो। भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण गर्ने उद्देश्यले नेपाल पूर्वाधार विकास कम्पनी स्थापना गरी सार्वजनिक-निजी साझेदारी मोडलमा अगाडि बढाइएको परियोजनामा देखिएको गम्भीर लापरवाही, आर्थिक अपारदर्शिता तथा सम्भावित ठगीप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

उक्त कम्पनीले काठमाडौं देखि हेटौंडासम्म छोटो समयमा आवतजावत सम्भव हुने, आर्थिक समृद्धि ल्याउने तथा लगानीकर्तालाई आकर्षक प्रतिफल दिने भनी देश तथा विदेशमा रहेका नेपाली नागरिकसमक्ष ठूलो सपना बाँडी सर्वसाधारणबाट करिब ३१ करोड संकलन गरेको थियो। स्थानीयले गाई, बाखा बेचेर, ऋण काढेर र यहाँसम्म कि जगा बेचेरसमेत लगानी गरेका उदाहरणहरु प्रशस्त रहेको दाबी गरिएको छ।

'तर, दशकौं समय बितिसक्दा पनि न सुरुङमार्ग निर्माणको कुनै ठोस प्रगति देखिएको छ, न त संकलित रकमको पारदर्शी विवरण सार्वजनिक गरिएको छ। उल्टै कम्पनी सम्पर्कविहीन जस्तै भइ लगानीकर्तालाई अन्यौलमा पारिएको अवस्था छ। यसले आमनागरिकको राज्य र निजीक्षेत्रप्रतिको विश्वास गम्भीररुपमा कमजोर बनाएको छ,' सेवा, सहयोग र आवाजमा हामी मकवानपुर अध्यक्ष विशालराज महतद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा भनिएको छ-जनतासँग पसिनाबाट संकलित रकमको दुरुपयोग हुनु, परियोजना अलपत्र पारिनु र जिम्मेवार निकायहरु मौन बस्नु अत्यन्त गम्भीर विषय हो।

यदि समयमै छानबिन र कारबाही नगरिए यस्ता गतिविधिले भविष्यमा ठूला पूर्वाधार आयोजना प्रति नै जनविश्वास समाप्त हुने खतरा रहन्छ। तसर्थ, यस सम्बन्धमा तत्काल उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गर्दछौं।

पत्रमा संकलित सम्पूर्ण रकमको यथार्थ विवरण र खर्चको फाँटवारी सार्वजनिक गर्न, परियोजनाको वर्तमान अवस्था र यसको भविष्यबारे स्पष्ट पार्न, अनियमितता वा ठगीमा संलग्न व्यक्तिहरुलाई तत्काल पहिचान गरी कडा कानुनी दायरामा ल्याउन, पीडित लगानी कर्ताहरुको लगानी फिर्ता वा उचित क्षतिपूर्ति सुनिश्चित गर्न र सम्बन्धित निकायमार्फत शीघ्र आवश्यक कानुनी एवम् प्रशासनिक प्रक्रिया अगाडि बढाउन माग गरिएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा हेटौंडा-काठमाडौं सुरुङमार्ग निर्माणको नाममा नेपाल पूर्वाधार विकास कम्पनीले सेयरमार्फत् सर्वसाधारणबाट संकलन गरेको करिब ३१ करोड ७६ लाख रुपियाँ कामै नगरी ठगी गरिएको भन्ने व्यापक गुनासो सम्बन्धमा मन्त्रीसमक्ष औपचारिक ध्यानाकर्षण गराएका छौं,' महतले भने-ध्यानाकर्षणपत्र सचिवालयमा दर्ता भइ आवश्यक प्रक्रिया पुरा गर्दै कार्यान्वयन तहमा पुगेको जानकारी गराउँछु। जनताले गाई, बाखा, जग्गा बेचेर जुटाएको पसिनाको पैसा फिर्ता गराउनु राज्यको दायित्व हो भन्ने हाम्रो स्पष्ट धारणा छ। सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिएर छानबिन गरी दोषीमाथि कारबाही र पीडितलाई न्याय दिलाउने विश्वास छ।

गैरआवासीय नेपाली संघका अध्यक्षसमेत रहेको कम्पनी अध्यक्ष भवन भट्ट, संस्थापक अध्यक्ष कुशकुमार जोशी, निवर्तमान अध्यक्ष लालकृष्ण केसीलगायत टोली सुरुङ मार्ग आफैं निर्माण गर्ने भन्दै सहयोग गर्न आग्रह गर्दै बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलकहाँ पुगेका थिए। सुरुङमार्ग निर्माणको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) का लागि प्रदेश सरकारले ५ करोड रकम विनियोजन गरेको थियो। सरकारले पोष्टबहादुर बोगटी हेटौंडा-काठमाडौं सुरुङमार्ग नाम दिएको पनि योजना निर्माण गर्ने यसअघि घोषणा गरिसकेको छ।

करिब १० वर्षअगाडि नै हेटौंडा बजारको मुख्य क्षेत्रमा केही समय पहिले पुनर्निर्माण भएको कान्तिलोकपथ सडक (ओम भवन अगाडि) सडकमा ठूलो खाल्टोमा प्लेकार्ड गाडिएको थियो। त्यसमा लेखिएको थियो-हेटौंडा काठमाडौं सुरुङमार्ग। केही समयअघि निर्माण भएका सडकको बीचमा एकाएक ठूलै प्वाल परेपछि स्थानीयले विरोधस्वरुप निर्माण हुने भनिएको सुरुङमार्गलाई आधार मानेर व्यङ्ग्य गरेका थिए। स्थानीयका अनुसार उक्त सांकेतिक व्यङ्ग्यले दुई कुरालाई व्याख्या गरेको छ। पहिलो, केही समय पहिलेमात्र निर्माण भएको पीचमा प्वाल पर्नु र दोस्रो, निर्माणको हल्ला गर्दै जनताबाट शेयर लिएर काम नगरिएको सुरुङमार्ग।

हेटौंडाका जनताले मार्गमा लगानी गर्न तत्परता देखाएका थिए। गहना, गाई, बाखा, भैंसी बेचेर तथा ऋण काढेर हेटौंडाबासीले कम्पनीलाई रकम बुझाएका थिए। तर, प्रगति भएन। कम्पनीमा मकवानपुरका २२ संस्थापक शेयर सदस्य छन्, जसमा मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ हेटौंडा र नारायणी यातायात व्यवसायी संघले संस्थागत् संस्थापक शेयर लिएका छन्। प्रदेशको गौरवको योजना भन्दै पोष्टबहादुर बोगटी भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण परियोजना कार्यान्वयन गर्न नेपाल पूर्वाधार विकास कम्पनीसँगको सम्झौता रद्द गर्न प्रदेश सरकारले संघीय सरकारलाई निर्णयसहित दशकौंसम्म पनि न सुरुङमार्ग निर्माणको कुनै ठोस प्रगति देखिएको छ, न त रकमको पारदर्शी विवरण सार्वजनिक गरिएको छ।

आग्रह गरिसकेको छ। यस विषयमा संघीय सरकार मौन छ।

प्रदेशको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट अर्धवार्षिक प्रगति समिक्षामा भौतिक पूर्वाधार विकास मन्त्रालयले संघीय सरकारलाई सम्झौता रद्द गर्ने विषयमा पठाएको निर्णयपत्रउपर प्रतिक्रिया नआएको जनाएको हो। पत्रका विषयमा संघीय सरकारले बेवास्ता गर्दा समस्या भएको मन्त्रालयले कार्यपत्रमा प्रस्तुत गरेको छ। प्रदेशको उक्त निर्णयमाथि संघीय सरकारले जानकारी दिए प्रदेश सरकारले कामलाई तदारुकता दिन बाटो खुल्छ। तर, पूर्वाधार विकास कम्पनीको तयारीले प्रदेश सरकार को निर्णयलाई नै चुनौती दिएको छ।

यसअघि हेटौंडा-कुलेखानी-काठमाडौं सुरुङमार्ग नेपाल पूर्वाधार विकास कम्पनी (एनपीबीसीएल) ले निर्माण गर्ने बताउँदै आए पनि हालसम्म प्रगति नभएकोले प्रदेश सरकारले आफैं निर्माण गर्न लागेको हो। पावर चाइनासँगको सम्झौता अनुसार प्रदेश र केन्द्र सरकारसँग मिलेर निर्माण आरम्भ गरिने बताइएको थियो। आयोजनामा पावर चाइनाले १५ प्रतिशतसम्म लगानी गर्ने सहमति भएको थियो। पावर चाइनाले ७५:२५ अनुपातमा ऋण लगानीका लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट लगानी व्यवस्थापन गर्ने जिम्मा लिएको छ। पटकपटक आयोजना क्षेत्रको स्थलगत् भ्रमण गरेर पावर चाइनाले १३ जनवरी, २०१८ मा प्राविधिक प्रस्ताव पेश गरेको थियो।

पुनरावलोकनपश्चात् आयो जनामा सडकको कुल लम्बाईमध्ये ४४ किलोमिटर सुरुङ तथा पुलले ओगट्ने छ। सन् २०१५ डिसेम्बर देखिको आपसी छलफलको परिणाम स्वरुप नेपाल पूर्वाधारले पावर चाइनासँग २०१७ मेमा चीनको बेइजिङमा बेल्ट एण्ड रोड इनिसिएटिभ सम्मेलनका अवसरमा ईपीसी ठेक्कामा हस्ताक्षर गरेको थियो। पावर चाइनामा सिनो हाइड्रोलगायत ९८ वटा सहायक कम्पनी छन्। पावर चाइना सिनो हाइड्रोमार्फत् नेपालमा ४० वर्षदेखि जलविद्युत तथा भौतिक पूर्वाधार निर्माणमा संलग्न छ।

ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका, दक्षिणकाली नगरपालिका, इन्द्रसरोवर गाउँपालिका, भीमफेदी गाउँपालिकाहरु हुँदै हेटौंडा उपमहानगरपालिकामा सुरुङमार्ग जोड्ने भनिएको थियो। ५० मिटरको राइट अफ वे हुने सडक ४ लेनको हुनेछ।

२६ वटा पुल, ४ किलोमिटरको सुरुङ रहने सडकले १ सय ८ हेक्टर बन र ९० हेक्टर निजी जमिन तथा बागमती किनार का ७ वटा दाहसंस्कारस्थल प्रभावित हुने र तीन स्थानमा करिब ४.५ किलोमिटर सुरुङ निर्माण गरिनेछ। कम्पनीले २०७० जेठ १ गते नेपाल सरकारबाट सुरुङमार्ग निर्माणको अन्तिम स्वीकृति पायो। निर्माण, सञ्चालन र हस्तान्तरण (बुट) ऐनअन्तर्गत् सरकारले पूर्वाधार विकास कम्पनीलाई परियोजना सुम्पेको थियो।

कम्पनीले निर्माणपश्चात् ३० वर्षसम्म सञ्चालन गरेर सुरुङमार्गको स्वामित्व सरकारलाई फिर्ता गर्नुपर्ने सम्झौतामा छ। निर्माणकर्ता नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडले शुभसाइत ठहरि एको दिन भन्दै हेटौंडा-कुलेखानी-काठमाडौं सुरुङमार्ग निर्माणका लागि २०७० मंसिर १५ गते भूमिपूजा गरेको थियो।

मकवानपुरको तत्कालीन कुलेखानी गाविस वडा नम्बर-२ लाम्डोली, चुरेपाखास्थित सुरुङको प्रस्तावित प्रवेशबिन्दुमा देशका प्रतिष्ठित पण्डितहरुद्वारा पाँच प्रकारका पूजा गरिएको हो।

चार पण्डितले वेद, एक पण्डितले चण्डी, ११ पण्डितले रुद्रि, तीन पण्डितले हवन र अन्य पण्डितले पृथ्वीसुक्त, सामवेद, भागवत् पाठ गरेका थिए भने केहीले पञ्चशीला पूजा, विश्वकर्मा पूजा, नागपूजा र स्थानीय मठमन्दिर पूजा गरेका थिए। भूबराह पूजापछि कुनै काम अगाडि बढेको छैन।

बागमती प्रदेशसभा

दुई विधेयक विचार गरियोस् भन्ने प्रस्ताव पारित

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश भाबाट दुई वटा विधेयक विचार गरियोस् भन्ने प्रस्ताव पारित भएको छ। बिहीबार बसेको प्रदेशसभा बैठकबाट दुई वटा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित भएको हो।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले पेश गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ र खानेपानी मन्त्री कृष्णकुमार तामाङले पेश गरेको प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ विचार गरियोस् भन्ने प्रस्ताव सदनबाट पारित भएको हो।

अर्थमन्त्री तामाङले पेश गरेको विधेयकमाथिको छलफलका क्रममा नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सचेतक रत्न ढकालले यस विधेयक नयाँ ऐनको रुपमा आएको बताए। 'यसअघि प्रदेश सरकारले आर्थिक कार्यविधि ऐन, २०७४ ल्याएको बताउँदै उनले भने-उक्त ऐन संशोधनका रुपमा यो विधेयक आएन। नयाँ ऐनको रुपमा आयो। नाम पनि परिवर्तित भएको छ। समग्रमा प्रदेश सरकारले अर्थ विधेयक सदनमा ल्याउनु सुखद् भएको बताउँदै ऐन ल्याउँदै गर्दा योजना कार्यान्वयनको विषयमा समेत ध्यान दिनु जरुरी रहेको उनले बताए। पहिलो त्रैमासिकमा योजना सम्झौता, दोस्रो त्रैमासिकमा टेण्डर आह्वानलगायत प्रक्रिया सकेर भुक्तानीका लागि सहजता प्रदान गर्नु आवश्यक रहेको ढकालले बताए।

उनको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री तामाङले प्रदेश सरकारको अर्थसम्बन्धि कार्यलाई व्यवस्थित गर्नका लागि विधेयकका रुपमा दर्ता भएको बताए। सरकारका तर्फबाट आएको विधेयकमा कटाउनुपर्ने र थप्नुपर्ने केही भए सल्लाह गरेर जान सकिने उनको भनाइ थियो। उक्त विधेयकमाथि दफावार छलफलपछि विधेयक सच्याएर अघि बढ्न सकिने मन्त्री तामाङले बताए।

खानेपानी, ऊर्जा तथा सिचाई मन्त्री तामाङले सदनमा पेश गरेको प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि तीन सांसद् छलफलमा सहभागी भए। नेपाली कांग्रेसका सांसद् रामकृष्ण चित्रकारले शुलभ पहुँचमा जनताको घरघरमा स्वच्छ खानेपानी पुऱ्याउनु आवश्यक भएको बताए।

यसमा योजनाबद्धरुपमा अगाडि बढ्न उनले सरकारलाई सुझाव दिए। सांसद् पुकार महर्जनले खानेपानीको क्षेत्रमा उपभोक्ता समितिको ज्यादति बढ्दो बताए। धारानजडान गर्दा उपभोक्तासँग मनपरि शुल्क लिने समितिलाई कानुनी दायरामा ल्याउनु जरुरी रहेको उनले औंल्याए। 'खानेपानी उपभोक्ता समितिलाई कानुनी दायरामा राख्न सक्यौं भने जनता खानेपानीको क्षेत्रको दुःखबाट मुक्त हुन पाउँछन्,' महर्जनले भने।

नेकपा सचेतक ढकालले खानेपानीसम्बन्धि ऐन निर्माण गर्दैगर्दा खानेपानीको स्रोत संरक्षण गर्नतर्फ ध्यान दिनुपर्ने बताए। उनले खानेपानीको स्रोत संरक्षण कसरी गर्ने भन्ने पाटोमा विधेयक कम बोलेको बताए। 'ऐन निर्माण गर्दैगर्दा खानेपानीको स्रोत संरक्षणका र व्यवस्थित गर्ने पाटोमा पनि सोच्नुपर्छ। ऐन बनेर खानेपानी तथा सरसफाइ क्षेत्र व्यवस्थित हुनेमा विश्वस्त छु,' उनले भने। विधेयकमाथि उठेका प्रश्नहरुको जवाफ दिँदै खानेपानी मन्त्री तामाङले प्रदेश खानेपानी तथा सरसफाइसम्बन्धि व्यवस्था गर्न बनेको विधेयक संघीय सरकारले जारी गरेको मापदण्डअनुरुप रहेको बताए। संघीय सरकारको आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० अनुरुप विधेयकलाई सँगै राखेर संघीय सरकारको ऐन र संघीय सरकारको मापदण्डलाई नबाझिने गरी विधेयक ल्याइएको उनले बताए।

प्रदेशसभा उपसभामुख उपसरा चापागाईले बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री तामाङले टेबुल गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र खानेपानी, ऊर्जा तथा सिचाई मन्त्री तामाङले टेबुल गरेको खानेपानी तथा सरसफाइसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई विचार गरियोस् भन्ने प्रस्ताव निर्णायार्थ पेस गरेकी थिइन्। उक्त प्रस्तावलाई प्रदेशसभामा उपस्थित सांसद्हरुले सर्वसम्मतरुपमा पारित गरेका हुन्। बागमती प्रदेशसभा बैठक बैशाख ६ गते बस्न गरी स्थगित गरिएको छ।

कान्तिलोकपथ सात दशकमा ७१ प्रतिशत्

सन्देश संवाददाता

हेटौंडा/हेटौंडाबाट काठमाडौं प्रवेश गर्ने कान्तिलोकपथ निर्माण सुरु गरेको सात दशक बित्न लाग्दा पनि सम्पन्न हुन सकेको छैन। उक्त लोक पथको निर्माण काठमाडौं-बीरगञ्ज जोड्ने त्रिभुवन राजपथको विकल्पका रुपमा २०१३ बाट सुरु भएको हो। यस लोकपथलाई काठमाडौं-हेटौंडा जोड्ने छोटो दुरीको वैकल्पिक मार्गका रुपमा लिने गरिन्छ।

७९ किलोमिटर लम्बाइ रहेको मुलुककै पुरानो सडक आयोजनामध्ये लोकपथको निर्माण सात दशकमा ७१ प्रतिशत्मात्र सम्पन्न भएको छ। नेपाली सेनाले २०१३ देखि २०१६ सालसम्म यसको ट्रयाक खोलेर निर्माण सुरु गरेको थियो। कान्तिलोकपथ आयोजनाका सूचना अधिकारी उपेन्द्र महरानले आयोजनाको करिब दुई तिहाई काम भइसकेको बताए। बजेट अभाव तथा प्राकृतिक कारणले आयोजनाको काम सम्पन्न हुन ढिलाइ भएको उनको दाबी छ। २०१३ सालदेखि उक्त लोक पथको ट्रयाक खोल्ने कार्य सुरु गरेको भए पनि आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारले प्राथमिकताका राखेर निर्माण सुरु गरेको सूचना अधिकारी महरानले बताए।

२०६४/०६५ देखि हालसम्म लोकपथको निर्माणमा ८ अर्ब ४० करोड लगानी भइसकेको उनले बताए। आगामी आर्थिक वर्ष २०८३/०८४ सम्म आयोजनाको सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य लिइएको छ। लोकपथको अब साढे चार किलो मिटरमात्र कालोपत्र गर्न बाँकी छ। कालोपत्र गर्न बाँकी रहेको ठाउँमा हाल एक लेनको मात्र सडक छ। चट्टान काटेर उक्त स्थानमा दुई लेनमा स्तरोन्नति गरिन लागेको छ। दुरी कम भए पनि भौगोलिक कठिनाइका कारण काम सम्पन्न गर्न समय लागेको सूचना अधिकारी महरानले बताए। चालु आर्थिक वर्षका लागि ठेक्काको कुल दायित्व १ अर्ब ५० करोड छ। चालु ठेक्काको विनियोजन रकम ४७ करोडमात्र छ।

लोकपथको रेटिङवाल, कटिङ, ढल र कालोपत्रका लागि ८ वटा ठेक्का लगाइएको छ। निर्माण कम्पनीहरुले धमाधम काम गरिरहेको सूचना अधिकारी महरानले बताए। काठमाडौंतर्फबाट शून्य किलोमिटर ललितपुरको टीकाभैरव र हेटौंडाबाट बुद्धचोक छ। टीकाभैरवदेखि बुद्ध चोकसम्म कुल ७९ किलोमिटर छ। सामान्य अवस्थामा यस सडकको चौडाई ४२ लेनको रहे पनि भौगोलिक रुपले साँघुरो स्थानमा यसको चौडाई ढबल लेन र सिंगल लेनबीच रहेको सूचना अधिकारी महरानले बताए।

हेटौंडाको बुद्धचोकदेखि टीकाभैरवसम्मको सडक कान्तिलोकपथ सडक योजनाले हेर्ने गरेको छ। टीकाभैरवदेखि सातदोबाटोसम्म ७० किलोमिटर सडक उपत्यका सडक विस्तार आयोजनाले हेर्दै आएको छ। गत आर्थिक वर्षदेखि यस सडकको डिजाइन परिवर्तन गरी टीकाभैरवदेखि ललितपुरको एकान्तकुनासम्म गरिएको छ। उक्त सडकमध्ये ललितपुरमा ३९ किलोमिटर र मकवानपुरमा ४० किलोमिटर पर्छ।

नेपाली सेनाले सडक निर्माणका कामको थालनी कान्तिलोकपथबाट सुरु गरेको हो। सेनाले हाल तीन दर्जनभन्दा बढ्ी सडकमार्ग निर्माण गरेर सरकारलाई हस्तान्तर ण गरिसकेको छ। पछिल्लो समयमा उसले काठमाडौं-निजगढ फाष्टट्रयाक (द्रुतमार्ग) निर्माणको पनि जिम्मेवारी लिएको छ।

लोकपथको निर्माण सात दशकमा ७१ प्रतिशत्मात्र सम्पन्न भएको छ।

एफएनसिसिआईको निर्वाचन रोकियो

सन्देश संवाददाता

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघको वार्षिक साधारण सभा तथा निर्वाचन रोकिएको छ। यहि चैत २९ र ३० गते हुन लागेको ६० औं वार्षिक साधारणसभा तथा निर्वाचन रोकिएको हो।

नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले दायर गरेको रिटमा बिहीबार उच्च अदालत पाटनका न्यायाधीश खड्कबहादुर केसी र दीपक खनालको इजलासले सभा तथा निर्वाचन नगर्न अन्तरिम आदेश दिएको छ।

महासंघले २०८१ चैत २८ गते भएको एफएनसिसिआईको ५९ औं वार्षिक साधारण सभामा सदस्यको हैसियतलले उपस्थित भएको र अहिले समावेश नगरी एवम् सदस्यता सम्बन्धी निर्णय नगरी साधारण सभा गर्न लागेको भन्दै अन्तरिम आदेश माग गर्दै रिट दायर गरेको थियो।

चैत्र २२ गते नेपाल उद्योग वाणिज्य महासंघ, महासंघको कार्यकारणी समिति, महासंघको सदस्यता समिति र महासंघको निर्वाचन समितिलाई विपक्षी बनाएर उच्च अदालत पाटनमा रिट दायर भएको थियो।

श्रममन्त्री साह पदमुक्त

सन्देश संवाददाता

काठमाडौं/प्रधानमन्त्री वालेन्द्र शाहले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहलाई पदमुक्त गरेका छन्। प्रधानमन्त्रीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सिफारिसअनुसार बिहीबार साहलाई पदबाट हटाउने निर्णय गरेका हुन्।

लामो समयदेखि निष्क्रिय अवस्थामा राखिएकी स्वास्थ्य बिमा बोर्डकी सदस्य रहेकी मन्त्री साहकी श्रीमतीलाई साह मन्त्री भएपछि पदीय मर्यादाको दुरुपयोग गरी पुनः नियमित काममा सक्रिय गराएको भन्दै रास्वपाले नै कारबाहीका लागि प्रधान मन्त्रीसमक्ष सिफारिस गरेको थियो।

बुधबार नै रास्वपाको केन्द्रीय अनुशासन आयोगले अध्ययन गरी साहलाई कारबाही गर्नुपर्ने पार्टीसमक्ष पेस गरेको थियो। रास्वपाले साहको यो गतिविधिबाट पार्टीको छवि, आदर्श, सिद्धान्त र मर्यादामाथि आंच आउने देखिएको निष्कर्षसमेत निकालेको थियो। यसैका आधारमा प्रधानमन्त्री शाहले श्रममन्त्री साहलाई पदमुक्त गरेको प्रेसब्रिफ दीपा दाहालले जानकारी दिईन।

रास्वपाले पार्टी विधानको धारा २५ (४) (क) ले पार्टी सभापति

लाई पार्टीको आदर्श, सिद्धान्त र मर्यादामाथि आंच आउन नदिन जिम्मेवारी सुम्पेको र पदको दुरुपयोग भएको अवस्थामा विधानको धारा ६९ मा पार्टीले जिम्मेवारीबाट फिर्ता बोलाउन (राईट टु रिकल) सक्ने व्यवस्था भएकाले मन्त्री साहलाई जिम्मेवारीबाट अलग गर्न सिफारिस गरिएको थियो।

सार्वै पार्टीले यस्तो गम्भीर विषयमा आफ्नो जिम्मेवारीमा अपेक्षित गम्भीरता नदेखिएकाले स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतालाई सचेत गराउन प्रधानमन्त्री शाहसमक्ष सिफारिस गरेको थियो। त्यसका आधारमा प्रधानमन्त्री शाहले मन्त्री मेहतालाई सचेत गराइ सकेको जनाइएको छ।

सिरहा नगरपालिकाका मेयरविरुद्ध पक्राउ पुर्जी

सन्देश संवाददाता

सिरहा/सिरहाको सिरहा नगरपालिकाका प्रमुख डा. नवीनकुमार यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। नगरपालिकाका कार्यालय सहयोगी लाई कुटपिट गरेको घटनामा उनी विरुद्ध पक्राउ पुर्जी जारी भएको हो।

नगरप्रमुख यादवले सोमबार बिहान ९ बजे हाजिरी गरिरहेको अवस्थामा कार्यालय सहयोगी ५० वर्षीय रामशरण यादवलाई गाली गलौज गर्दै लात्ती र मुक्काले कुटपिट गरेको आरोप छ। कुटपिटबाट उनको शरीरका विभिन्न भागमा चोट लागेको र हड्डीसमेत भाँचिएको जनाइएको छ।

हाल उनलाई विराटनगरमा उपचार गराइरहेको पारिवारिक स्रोतले जनाएको छ। सोही घटनामा प्रमुख यादवमाथि अभद्र व्यवहार गरेको कसुरमा मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालय, सिरहाबाट पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले जानकारी दिए। पक्राउ पुर्जी जारी भएसगै यादवको खोजी सुरु गरिएको र सोही घटनामा संलग्न नगरपालिकाका कर्मचारी रोहित मेस्तर भने पक्राउ परिसकेका छन्।

विदाको निर्णयले न्याय प्रणालीमित्र राक्षस

सन्देश संवाददाता

काठमाडौं/सरकारले शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेसँगै न्याय प्रणालीभित्र प्राविधिक सकस आइपरेको छ। सरकारको निर्णयले इन्धन बचत र कार्यक्षमता बढाउने लक्ष्य राखे पनि यसको प्रत्यक्ष असर न्यायिक पहुँचमा पर्ने देखिएको छ।

विशेषगरि हप्तामा दुई दिन सरकारी कार्यालय बिदा हुँदा राज्य बाट पक्राउ गरिएका व्यक्तिहरुलाई २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनैपर्ने संवैधानिक हक अब कसरी कार्यान्वयन हुन्छ भन्ने प्रश्नको समाधान खोज्ने जिम्मा अब प्रधानन्यायाधीशको काँधमा जिम्मेवारी आएको छ। सरकारले प्रशासनिक सहजताका लागि लिएको निर्णयले मौलिक हकको कार्यान्वयनमा अप्ठ्यारो परेको हो।

संविधानको धारा २० ले पक्राउ परेका व्यक्तिको न्यायसम्बन्धि हक सुनिश्चित गरेको छ। धारा २० को उपधारा (३) मा भनिएको छ- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ।

उखान: नपाउनेले केरा पायो, चियामा चोपी खायो ।

बेलाको बोली

यी छ सुख हुन्, निरोगी हुन्, ऋणि नहुनु, परदेशमा नरहनु, राम्रा साथीहरूको संगत हुनु, आफ्नो कर्मले जीविका चलाउनु र निडर हुनु । *–विदुर नीति*

सम्पादकीय

प्रकोपको पुर्व तयारीमा जुटौं

बैशाख महिनालागेखंग विभिन्न प्रकारका प्राकृतिक प्रकोपका घटनाहरू बढ्नेमा सबै पक्ष जानकार नै छन् । वर्तमान गृहमन्त्रि सुदन गुरुङले प्राकृतिक प्रकोपको पुर्व तयारी अवस्थामा रहन सबै पक्षलाई निर्देशनसमेत दिएका छन् । हुन त यसअघि पनि संभावित प्राकृतिक प्रकोपको पुर्व तयारीका कामहरू नभएका भने होईनन्, तर पनि घटनापछि कम भन्दा कम जनधनको क्षति वा मानवीय क्षती हुने गरिने व्यवस्था मिलाउन प्रहरी प्रशासन चनाखो बन्नुपर्ने हुन्छ । जिल्ला जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भएको दैवि प्रकोप व्यवस्थापन समितिले विशेष चासो र चिन्ता देखाउन जरुरी देखिन्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचनाअनुसार पछिल्लो २४ घन्टामा देशका विभिन्न जिल्लामा आगलागी, डढेलो, हावाहुरी र सर्पदंशका गरी २४ वटा विपद्का घटना भएका छन् । यी घटनाबाट सात जना घाइते भएका जनाइएको छ । यस्ता घटना दिनहुँजस्तै हुने गरेको तथ्य प्राधिकरणको दैनिक विपद् बुलेटिनमा उल्लेख हुन्छ । अर्थात्, यस्तो क्षति दिनहुँजस्तै भइरहेको छ । वनमा लाग्ने डढेलो, बाढीपहिरोले सडक तथा अन्य भौतिक संरचनामा पुऱ्याउने क्षतिसमेतको समग्र हिसाब गर्ने हो भने देशले धेरै नै ठूलो नोक्सानी सहनुपरेको स्पष्ट देखिन्छ । तर, प्रकोपपछि उद्धार र सहायताको प्रयासहरू भएता पनि न्यूनीकरणतर्फका प्रयास प्रभावकारी भएको भने देखिँदैन । विशेषगरी प्रकोप न्यूनीकरणका निम्ति योजनाबद्ध र समन्वित प्रयास हुन सकेको छैन । प्रदेश सरकार र स्थानीय तहहरूले न्यूनीकरणका लागि गर्नुपर्ने तथा गर्नसक्ने काम पर्याप्त रुपमा अघि बढाउन सकेका छैनन् भन्ने देखिन्छ ।

घटनामा सतर्कता अपनाउन सकिएमा राज्यको ढुकुटीको एकम ब्यर्थ खेर जान सक्दछ । तर राज्यका लागि त्यस्तो खर्च पूर्वाधारमा गरिएको लगानीझैं उत्पादनमूलक सिद्ध हुन सक्छ । कारण, विपत्तिपछि उद्धार र सहयोगमा लाग्ने खर्चको केही अंशले मात्रै पनि पूर्वतयारी तथा न्यूनीकरणका धेरै काम गर्न सकिन्छ । स्थानीयवासी, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको संयुक्त सानो प्रयत्नले पनि राष्ट्रिय क्षति र मानवीय पीडा रोक्न सकिन्छ भने किन हिचकिचाउने वा झ्याउ टार्ने काम गर्ने ? यसतर्फ सबै पक्ष गम्भिर भएर लाग्नुको बिकल्प छैन ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईको आज

मेष घुमफिर तथा मनोरञ्जनको समय छ । रचनात्मक काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ । विद्यार्थि–एका परिवारजनसँग भेटघाट हुनेछ ।

वृष आफ्ना सामानमा अरूले दावी गर्न सक्छन् । हिस्सेदारसँग असमझदारी सम्झौता हुन सक्छ । स्थायी सम्पत्तिमा देखिएको विवाद सुल्झाउन सकिनेछ ।

मिथुन रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । प्रेम बन्धन कसिनेछ । कमीकमजोरी–लाई पनि सुधार गर्ने मौका छ ।

कर्कट थोरै लाभ भए पनि ठूलो आवश्य–कता पूरा हुनेछ पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ ।

सिंह काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुनेछ ।

कन्या प्रतिस्पर्धीहरूबाट पनि अलि जोगिएर तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्न सक्छ । साँझतिर नयाँ कामतर्फ अग्रसर भइनेछ ।

तुला विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा–व्यवसायमा पनि फाइदा हुनेछ काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुने समय छ ।

वृश्चिक अरूको समस्या सुल्झाउने प्रयास गर्दा आफैंलाई समस्या पर्न सक्छ । परिणाम अध्ययन नगरी लिइएको निर्णयले समस्या पर्न सक्छ ।

धनु अवसर आए पनि कामले पछि परिने समय छ । अरूका काम र भेटघाटमा अलमलिनुपर्ला । आफ्नो क्षेत्रमा अरूले प्रभुत्व जमाउन सक्छन्,

मकर साँझतिर विवादास्पद कामको जिम्मेवारी आउनेछ भने खर्च पनि बढ्नेछ अवसरवादीहरूले आफ्ना कमीकमजोरीलाई ध्यान दिनेछन् ।

कुम्भ आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । गर्ने क्रममा बाधा आउन सक्छ ।

मिन समयमा सजग नबन्दा शुभचिन्तक–हरूसमेत टाढिन सक्नेछन् । बेसुरमा वचन दिने बानीले समस्या पर्न सक्नेछ भने फाइदाका लागि उपयोग भइनेछ

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

विस्केट जात्रा र यसको महत्व

✍केशव प्रसाद खरेल
(अधिवक्ता) उपप्राध्यापक

विस्केट जात्रा यस्तो जात्रा हो । जुन जात्रा विशेषगरी भक्तपुर, धापासी, टोखा र ठिमी (भक्तपुर) मा मनाइन्छ । खाइ सल्लाका दिन मनाइने पर्व हो । भैरव नाथको प्रतिक मानिने ल्होसिंहको तान्त्रिक विधिअनुसार पूजाआजा गरिसकेपछि साँझको समयमा लिंगो ढाल्ने कार्य गरिन्छ । विस्केट जात्रा मनाउन थालिएको चौथो दिन गत वर्षको सम्झना गरि साँझको समयमा सल्लाहको लिंगो–लाई तान्त्रिक विधिअनुसार ठड्याइन्छ । सल्लाको लिंगो ५५ हात लामो हुन्छ । तान्त्रिक विधि विधान पुरा गरिसके पछि लिंगो ढाल्ने कार्य हुन्छ ।

लिंगो ठड्याउनुभन्दा अगाडि लिंगाको टुप्पोमा नाग र नागिनीको सम्झना गरि ध्वजा बाधिन्छ । ८ वटा मोटामोटा डोरी ल्याइन्छ । ती ८ वटा डोरीलाई अष्टमातृकाको रुपमा कल्पना गरिन्छ । त्यही ८ वटा डोरीको सहयोगले लिंगोलाई ठड्यायने कार्य हुन्छ । लिंगो ढाल्नुभन्दा पहिला ज्योतिषले साइत हेर्दछन् । साइत जुरेपछि जुन लिंगो ढाल्ने हो । उक्त लिंगोको फेदमा बोकाको बलि दिइन्छ । यो कार्यको लागि गुठीको सहयोगबाट सञ्चालन हुन्छ ।

लिंगोलाई ढाल्नु पर्दा ८ वटा डोरीको टुप्पोलाई समाति ८ कुनाबाट क्रमिकरूपले लिंगोलाई ढाल्ने काम हुन्छ । लिंगाको एक छेउमा भुण्डाइएको २ वटा ध्वजालाई कल्पना गरि वीर ध्वजा र विश्वध्वजा पनि भनिन्छ । कसै कसैले यस्ता ध्वजालाई आकाश भैरवको ध्वजा पनि भन्दछन् । विस्केट जात्रा भक्तपुरको प्रशिद्ध जात्रा हो । यस विस्केट जात्रामा सरिक हुनाले सुख, शान्ति, सम्वृद्धिको विकास हुन जान्छ । यस जात्राको अवलोकन, पाठ, पुजा गर्नाले शत्रुहरू नास भएर जान्छन् भन्ने एक धार्मिक सोच रहेको छ । यस जात्रालाई संस्कृतिसंग सम्बन्ध राख्ने व्यक्तिहरू शत्रुहन्ता जात्रा पनि भन्दछन् ।

खाइ सल्लको परिचय :

खाइ सल्लका दिन विस्केट जात्रा मनाइन्छ । नेवार जातिको सभ्यतामा सौर्यमास चन्द्रमास अनुसार पर्व सम्पन्न गरिन्छ । नेवार जातिहरूले खाइ सल्लुलाई महत्वपूर्ण चाडको रुपमा लिन्छन् । विस्केट जात्राको दिन धिनाच्च, सिच्च, फुच्च डांडाहरूमा युवा युवतीहरू घुम्न जाने गर्दछन् । नेवार जातिहरू विभिन्न प्रकारका परिकाररू बनाएर रमाएर खाने गर्दछन् । विभिन्न परिकार हरूमध्ये क्वांटी पनि एक प्रकारको परिकार हो । 'क्वां' भनेको तातो 'टि' भनेको भोल हो । क्वांटीको शाब्दिक अर्थ 'तातो झोल' खानु हो । खाइ सल्लुपछि सौर्यमासिकको समयमा हाम्र सल्लु पर्दछ । अन्य जातिहरूले यस पर्वलाई माघे संक्रान्तिको रूपमा मनाउने गर्दछन् । बांकी रहेका अरू पर्वहरू चन्द्रमासको नियमअनुसार मनाउने गर्दछन् ।

विक्रमादित्यले भारतमा विक्रम सम्वत्को शुरूवात गरे । विक्रम सम्वत्को शुरूवात हुनु भन्दा पहिलादेखि नै नेवार जातिहरूले सल्लु (संक्रान्ति), पुन्हि (पूर्णिमा) मनाउने गरेका प्रमाणहरू लिच्छवीकालीन अभिलेखहरुबाट थाहा पाउन सकिन्छ । लिच्छविकालीन अभिलेख इतिहासकार धनबज्र बज्राचार्यले वि.सं.२०३० सालमा छपाउनु भएको हो । यो पर्व नयाँ वर्षको शुरूवातको पहिलो दिन मनाइन्छ ।

विस्केट जात्राको सुरुवात ?

नेपालमा बिस्केट जात्रा कहिलेबाट मनाउन सुरु गरिएको थियो भन्ने बारेमा ठोस प्रमाण पाउन सकिएको छैन । विस्केट जात्रा शुरूमा चन्द्रमासको पात्रोअनुसार मनाइन्थ्यो । अहिले आएर सौर्यमासको पात्रोअनुसार विस्केट पर्व सञ्चालन हुन्छ । मल्लकालको शुरूवात वि.सं.९०० देखि हुन्न सक्ने अनुमान गरिएको छ । पृथ्वीनारायण शाहले उपत्यका जित्नुभन्दा अगाडिको समयलाई सरदर मल्लकाल मानिन्छ । मल्लकालको मध्य समयबाट यो पर्व शुरूवात हुंदा पनि चन्द्रमासअनुसार नै मनाउने प्रचलन थियो । सिंहदर बारभित्र रहेको राष्ट्रिय अभिलेखालयमा राखिएको हस्तलिखित ग्रन्थअनुसार नै पुष्टि हुन्छ । अभिलेखका कुराहरू ९९ प्रतिशत सत्य हुन्छ । तर, साहित्यिक श्रोतले भनेको कुरा १ प्रतिशत मात्र सत्य हुन्छ ।

विक्रम सम्वत् र बिस्केट जात्रा एउटै व्यक्तिबाट शुरूवात भएको भने होइन । विक्रम् सम्वत्को उत्पति भारतबाट भएको हो भने बिस्केट जात्रा नेपालीहरूको आफ्नै सांस्कृतिक पर्व हो । यो कहिबाट ल्याइएको संस्कार भने होइन । नेपालमा विक्रम सम्वत्को शुरूवात राणा प्रधानमन्त्रि चन्द्रशम्सेरको समयबाट शुरूवात भएको हो । भारतमा भने विक्रम सम्वत्को गते हुदैन । राणा प्रधानमन्त्रिले भने गते समावेस गर्न लगाएका हुन् । समावेस भएपछि त्यसलाई व्यवहारमा लागु गरियो । विक्रम सम्वत् र बिस्केट जात्राको एक आपसमा मेल रहेको देखिदैन । बिस्केट जात्रामा बढ्दो मात्रामा आख्यानहरू समावेस गरिएको हो । बिस्केट जात्रालाई विक्रम सम्वत्संग जोड्न सकिदैन ।

बिस्केट जात्रा विशेष गरि बिस्केट, बिस्कुट, बिस्केटे, बिस्कुटे जात्रा भनेर अपमान गरेको महसुस हुन्छ । जब गोर्खा राज्यको राज्य विस्तार भयो, तब बिस्केट जात्रालाई हेर्ने दृष्टिकोण फरक हुन थाल्यो । समय बित्दै जांदा बिस्केट जात्रामा महत्व पाउँदै गयो । राजा महेन्द्रको समयमा गुठीहरूमा अंकुस लगाउन थालियो । त्यसकारण वर्तमान समयमा गुठीहरूको जग्गा रैकरमा परिणत भयो । रैकर मा परिणत भएपछि पर्वहरू सञ्चालन गर्न निकै गाह्रो हुँदै आयो ।

ल्योसिंह उप्याइने र ढाल्ने तरिकालाई नै बिस्केट जात्रा भनिन्छ । पछि गएर बिस्केट जात्रालाई विस्तार गरियो । यस जात्रामा भैरव नाथ र भद्रकालीको रथ यात्रासमेत समावेस गरि ८ रात ९ दिनसम्म मनाइन्छ । यो बिस्केट पर्व लिच्छविकालीन समयदेखि नयाँ वर्षको रूपमा भक्तपुरमा मनाइने एक प्रशिद्ध जात्रा हो । यस जात्रामा विशेष गरि काठमाडौं, भक्तपुर, पाटन, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक रसुवा, नुवाकोट, धादिङबाट भद्रालु भक्तजनहरू बिहानदेखि नै भक्तपुरका मानिसले इन्द्रायणीमा वत्ति बाल्ने काम गर्दछन् । बत्ति बाली सकेपछि दुभाजु चोकमा मूल पुजारीलाई तरवार बुझाउँदछन् । पुजारीले कुसुलेहरूलाई खासापा बुझाई सुनको ढोका अगाडि उभ्याउंद छन् । इन्द्रायणीको प्रसादी लिएर भेलुखेलमा ल्योसिंहमा अन्तिम पूजा गरि ल्योसिंह ढाल्ने काम हुन्छ । बिस्केट ढालेको हेरेमा दुःख नास हुने जनविश्वास रहेको छ ।

: सामाप्त :

भ्रमको पर्दामा विकासको यात्रा

✍राजुराम राउत

बिकासका पनि आफ्नै चरणहरू हुन्छन् । यो कुनै राजनीतिक भाषणको शब्द मात्र होइन, अर्थशास्त्र र समाजशास्त्रले प्रमाणित गरेको यथार्थ हो । सामान्यतया विकास तीन चरणमा अघि बढ्छ । पहिलो, भौतिक पूर्वाधार निर्माण । दोस्रो, सामाजिक विकास र तेस्रो, जीवनस्तरमा प्रत्यक्ष सुधार ।

नेपालले पछिल्ला दुई दशकमा पहिलो चरणमा उल्लेखनीय प्रगति गरेको तथ्यलाई नकार्न सकिदैन । संघीयता कार्यान्वयनपछि मात्र पनि हजारौं किलोमिटर सडक कालोपत्रे भएका छन् । ग्रामीण सडक सञ्जाल विस्तारले धेरै गाउंहरु बजारसंग जोडिएका छन् । विद्युत प्रणालीको स्तरि करण र नीजि क्षेत्रसंगको सहकार्यले लोडसेडिङ अन्त्य हुनु आफैंमा एउटा ऐतिहासिक उपलब्धि हो । देशका अधिकांश घरधुरीमा विद्युत् पहुँच पुगेको छ । खानेपानी, सिंचाइ, पुल-पुलेसा लगायका धेरै क्षेत्रमा भौतिक विकासको स्पष्ट छाप देखिन्छ । तर, प्रश्न यहींबाट सुरु हुन्छ । के ये संरचनाले जनताको जीवनमा अपेक्षित परिवर्तन ल्याए ।

जांगरिला, सीपयुक्त र अवसर खोज्न सक्ने व्यक्तिहरूले यी पूर्वाधारबाट मनग्ये फाइदा उठाएका छन् । सडक पुगेपछि व्यवसाय सुरु गर्ने । कृषि उत्पादन बजारसम्म पुऱ्याउने । पर्यटन प्रवर्द्धन गर्ने जस्ता उदाहरणहरू प्रशस्तै छन् । तर, अर्कोतर्फ, ठूलो संख्याले अझै पनि अवसरको उपयोग गर्न असमर्थ छन् । उनीहरूका लागि सडक केवल हिड्ने बाटो हो, आम्दानीको माध्यम होइन् ।

नेपालको बेरोजगारी र अर्धबेरोजगारीको समस्या यही प्रष्ट देखिन्छ । देशभित्र अवसर सीमित हुँदा हरेक वर्ष लाखौं युवाहरू वैदेशिक रोजगारीका लागि बाहिरिन बाध्य छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार दैनिक सयौं युवा श्रम बजारको खोजीमा विदेशिछन् । यदि भौतिक विकासले प्रत्यक्ष आर्थिक अवसर श्रृजना गर्न सकेको हुन्थ्यो भने, यो दर यति उच्च हुने थिएन ।

यसपछि आउंछ दोस्रो चरण, सामाजिक विकास । नेपालमा विद्यालयको संख्या बढेको छ । साक्षरता दर सुधारिएको छ । स्वास्थ्य चौकीहरू विस्तार भएका छन् । स्थानीय तहहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी बढाएका छन् । तर, गुणस्तरको प्रश्न अझै अनुत्तरित छ । शिक्षा प्रणाली अझै पनि बजारको आवश्यकतासंग मेल खान सकेको छैन । डिग्री लिएर निस्किएका युवाहरू रोजगारीविहीन छन् । किनभने उनीहरूसंग आवश्यक सीपको अभाव छ । स्वास्थ्य क्षेत्रमा पहुँच बढे पनि सेवा गुणस्तरीय र सर्वसुलभ बन्न सकेको छैन । शहर र गाउंबीचको असमानता अझै गहिरो छ । यसैबीचमा अर्को गम्भीर समस्या देखापरेको छ, सूचनाको भ्रम ।

सामाजिक सञ्जालको विस्तारसंगै हरेक व्यक्ति "विश्लेषक" बनेका छन् । आधा–अधुरा तथ्य, अप्रमाणित सूचना र भावनात्मक प्रतिक्रियाले विकासको वास्तविक बहसलाई ओझेलमा पारि–रहेका छन् । कुनै योजना सुरु हुन नपाउंदै आलोचनाको वर्षा हुन्छ । कुनै उपलब्धि देखिन नपाउँदै त्यसलाई शंकाको घेरामा राखिन्छ । आलोचना लोकतन्त्रको आधार हो । तर, जब आलोचना नै उद्देश्य बन्छ, तब त्यसले विकासको गति रोकिन्छ । हामीले राम्रो कामलाई स्वीकार गर्ने संस्कार गुमाउँदै गएका छौं । र, नराम्रो मात्र खोज्ने बानी बसाल्दै छौं ।

अब कुरा गरौं तेस्रो चरणको, जुन सबैभन्दा महत्वपूर्ण छ । विकासको अन्तिम लक्ष्य भनेको जनताको जीवनस्तर सुधारिनु हो । रोजगारी सिर्जना हुनु । आय वृद्धि हुनु । गरिबी घट्नु । यी सूचकहरूले मात्र विकासको सफलता मापन गर्छन् । नेपालमा अझै पनि ठूलो जनसंख्या कृषिमा निर्भर छ । तर, कृषि उत्पादन व्यावसायिक बन्न सकिरहेको छैन् । उद्योग क्षेत्र अपेक्षाकृत कमजोर छ ।

सानो तथा मझौला उद्योगहरू अझै पनि नीतिमा अस्थिरता, पूँजी अभाव र बजार समस्याले संघर्ष गरिरहेका छन् । परिणामत:, भौतिक संरचना बने पनि आर्थिक गतिविधि त्यही अनुपातमा बढ्न सकेको छैन । हामी लगभग पहिलो चरण पार गर्दै आँशिक दोश्रो सफलता पछि तेस्रो चरणतर्फ उन्मुख हुने अवस्थामा थियौं । तर, विकासको गति किन सुस्तायो ? यसको उत्तर केवल सरकार वा नेतृत्वमा मात्र खोजेर पुग्दैन । समस्या आंशिकरूपमा हाम्रो सोचमा पनि छ । हामी छिटो नतिजा चाहन्छौं । तर, दीर्घकालीन योजना र धैर्यको अभाव छ । हामी अधिकारको कुरा गर्छौं तर कर्तव्य चटकै बिर्सन्छौं । कर छल्ने, नियम उल्लंघन गर्ने र, सार्वजनिक सम्पत्तिको संरक्षण नगर्ने जस्ता प्रवृत्तिले विकासलाई कमजोर बनाउँदैछ ।

अझ ठूलो समस्या, हामी भ्रममा रमाउन थालेका छौं । सत्यभन्दा आकर्षक कथा हामीलाई बढ्ही मनपर्छ । सुनेका कुरा जाँच्ने बानी छैन् । देखेका कुरा बुझ्ने प्रयास छैन् । यस्तो अवस्थामा विकासको वास्तविक मूल्याङ्कन सम्भव हुँदैन । त्यसैले आजको मुख्य प्रश्न, विकास रोकिएको हो कि हाम्रो दृष्टि बिग्रिएको हो ? यदि हामीले भौतिक संरचनालाई मात्र विकास ठान्यौं भने, हामी कहिल्यै तेस्रो चरणमा पुग्न सक्दैनौं ।

यदि सामाजिक चेतना र आर्थिक अवसर लाई प्राथमिकता दिएनौं भने, विकास अधुरो नै र हने पक्कापक्की छ । यसमयमै सबै पक्षहरु गम्भीर बनौं ।

अन्ततः, विकास कुनै एकपक्षीय प्रक्रिया होइन । यो सरकार, निजी क्षेत्र र नागरिकहरुको संयुक्त प्रयासले सम्भव हुने प्रक्रिया हो । जबसम्म नागरिक सचेत, जिम्मेवार र तथ्यप्रति प्रतिबद्ध हुदैनन् तबसम्म, विकासका योजनाहरू कागजमै सीमित रहनेछन् ।

साथै समस्या बाटोमा छैन, यात्रामा छ । र, जबसम्म हामीले आफ्नै आँखा र कानमा लागेको भ्रमको पर्दा हटाउन सक्दैनौं, तबसम्म गन्तव्य नजिक भए पनि यात्रा अधुरो नै रहनेछ ।

गर्मीमा नरिवल पानी पिउनुका फाइदाहरू

गर्मी मौसम सुरु भएसँगै तापक्रम तीव्ररूपमा बढ्न थालेको छ । यस्तो अवस्थामा शरीरलाई शीतल र हाइड्रेटेड राख्नु एउटा चुनौतीकारूपमा देखिन्छ । गर्मीमा सही खानपान र विशेषगरी सही पेय पदार्थको छनोट निकै महत्त्वपूर्ण हुन्छ । प्राकृतिक पेयहरूमध्ये नरिवल पानीलाई सबैभन्दा उत्तम मानिन्छ किनकि यसले शरीरलाई तुरुन्तै ताजा बनाउनुका साथै आवश्यक पोषक तत्त्वहरू पनि प्रदान गर्दछ ।

गर्मीमा धेरै पसिना आउँदा हुने थकान, चक्कर लाग्ने वा कमजोरी जस्ता समस्याहरूबाट बच्न यो निकै उपयोगी साबित हुन्छ । यसले शरीरको तापक्रम सन्तुलित राख्न मद्दत गर्छ, जसले गर्दा 'लु' लाग्ने जोखिम कम हुन्छ । त्यसैले गर्मीका दिनहरूमा यसको नियमित सेवनलाई एक राम्रो स्वास्थ्य बानीकारूपमा लिइन्छ ।

पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, गर्मीमा पसिना धेरै आउने भएकाले शरीरमा पानीको कमी हुन्छ, नरिवल पानीले प्राकृतिकरूपमा हाइड्रेशन कायम राख्न मद्दत गर्छ ।

१.इलेक्ट्रोलाइट सन्तुलन कायम राख्छ :

यसमा पोटासियम, सोडियम र म्यागनेसियम जस्ता खनिज तत्त्वहरू हुन्छन्, जसले शरीरको इलेक्ट्रोलाइट सन्तुलन मिलाउन सघाउँछ ।

२.पाचन प्रणाली सुधार गर्छ :

नियमित नरिवल पानीको सेवनले अपच र कब्जियत जस्ता समस्या कम गर्न सहयोग गर्छ । यसमा पाइने इन्जाइमहरूले खाना सजिलै पचाउन मद्दत गर्छन्, जसले गर्दा ग्यास्ट्रिकको समस्यामा पनि राहत मिल्छ ।

३.छालालाई स्वस्थ र चम्किलो बनाउँछ :

नरिवल पानीमा रहेका एन्टिअक्सिडेन्टले छालालाई डिहाइड्रेशनबाट बचाउँछ र प्राकृतिक चमक ल्याउन मद्दत गर्दछ ।

४.थकान र कमजोरी कम गर्छ :

गर्मीका कारणा हुने थकान मेटाउन यसले प्राकृतिक ऊर्जा पेय (इनर्जी ड्रिंक) झैं काम गर्छ ।

५.मुटुको स्वास्थ्यका लागि लाभदायक :

यसले रक्तचाप नियन्त्रणमा सहयोग पुऱ्याउन सक्छ, जसले मुटुको स्वास्थ्यलाई राम्रो बनाउँछ ।

साभार : स्वास्थ्यखबर

पैसा विदेश पठाउन राष्ट्र बैंकको कडाइ

काठमाडौं/नेपाल राष्ट्र बैंकले विदेशी विनिमय र सम्पत्ति शुद्धीकरण निवारण एएमएल/सीएफटी) प्रणालीलाई थप मजबुत बनाउँदै बैंकिङ कारोबारमा नीतिगत परिवर्तन गरेको छ ।

केन्द्रीय बैंकले एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै एकातिर सुरक्षा व्यवस्थामा कडाइ गरेको छ भने अर्कोतिर सर्वसाधारण र व्यवसायीलाई केही प्रक्रियागत सहजता समेत प्रदान गरेको छ ।

राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै अब विदेशबाट बैंक खातामा आएको कुनै पनि रकम फिर्ता पठाउनु पर्ने अवस्था आए बैंकहरुले थप सतर्कता अपनाउनुपर्ने व्यवस्था गरेको छ ।

नयाँ व्यवस्थाअनुसार यदि त्यस्तो रकम 'अवैधानिक, आपराधिक वा शंकास्पद' देखिएमा बैंकले त्यसलाई फिर्ता पठाउन पाउने छैनन् । यो व्यवस्थाले शंकास्पद धनको ओसारपसार रोक्न र सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई थप बलियो बनाउने विश्वास राष्ट्र बैंकको छ ।

यस्तै, संशोधित व्यवस्थाले नेपाली नागरिकले आफ्नो व्यक्तिगत विदेशी मुद्रा खातामा ५ हजार अमेरिकी डलरसम्म नगद जम्मा गर्न चाहेमा अब कागजी प्रमाणको झन्झट हटाएको छ । यदि आवश्यक स्रोत खुल्ने पर्याप्त कागजात पुऱ्याउन सके ग्राहकले गर्ने 'स्वघोषणा' को आधारमा मात्र पनि बैंकले सो रकम जम्मा गरि दिने लचिलो व्यवस्था गरिएको छ ।

साथै, नेपाली नागरिक कुनै देशमा जाँदा त्यहाँको भिसा प्रयोजनका लागि फिर्ता हुने गरी धरौटी राख्नुपर्ने प्रावधान भएमा अब बैंकले ५ हजार डलरसम्मको 'इलेक्ट्रोनिक कार्ड' जारी गरिदिनेछन् । यसले गर्दा विदेश जानेहरूलाई भिसा प्रक्रियाका लागि आवश्यक पर्ने वित्तीय स्यारेन्टी जुटाउन सहज हुनेछ ।

यसैगरी, भारतीय रुपैयाँ खातामा रकम प्राप्त भएपछि त्यसलाई नेपाली रुपैयाँमा साट्नुपर्ने समय सीमामा पनि राष्ट्र बैंकले उदारता देखाएको छ । यसअघि ७ दिनभित्र साट्नुपर्ने प्रावधान रहेकोमा त्यसलाई बढाएर अब १५ कार्यदिन बनाइएको छ ।

आयात व्यापारलाई थप सहज र पारदर्शी बनाउन नगद मार्जिनको व्यवस्थामा ठूलो कटौती गरिएको छ । वित्तुतीय भुक्तानी प्रणाली लागू भएका भन्सार कार्यालयहरूबाट हुने आयातमा राखिने नगद मार्जिनको सीमा ह्वात्तै घटाएको हो ।

संशोधित व्यवस्था अनुसार वित्तुतीय प्रणालीमार्फत भुक्तानी हुने भन्सार विन्दुबाट सामान आयात गर्दा मात्र उद्योगहरू १ प्रतिशत र व्यापारिक फर्महरूले ३ प्रतिशत नगद मार्जिन राख्दा हुने व्यवस्था गरिएको छ । आफ्नै प्रयोजनका लागि कच्चा पदार्थ आयात गर्ने उद्योगहरूले यसअघि २ प्रतिशत नगद मार्जिन राख्नुपर्ने व्यवस्था र हेकोमा त्यसलाई घटाएर १ प्रतिशतमात्र कायम गरिएको हो ।

साथै, सामान आयात गरी बिक्री गर्ने व्यापारिक फर्महरूका लागि यसअघि ९० प्रतिशत नगद मार्जिन अनिवार्य रहेकोमा अब त्यसलाई भारी कटौती गरी ३ प्रतिशतमा झारिएको छ । यो सुविधा केवल वित्तुतीय भुक्तानी प्रणाली लागू भएका भन्सार कार्यालय हरूबाट हुने आयातमा मात्र उपलब्ध गराइएको छ ।

राष्ट्र बैंकको यो कदमले विशेषगरी औद्योगिक कच्चा पदार्थ र व्यापारिक सामान आयात गर्ने व्यवसायीहरूको कार्यगत पुँजीमा ठूलो राहत पुग्ने अपेक्षा राष्ट्र बैंकको छ । राष्ट्र बैंकले मुलुकको सूचना प्रविधि (आईटी) क्षेत्रलाई थप प्रतिस्पर्धी र सुदृढ बनाउन वैदेशिक मुद्रा भुक्तानीको सीमामा वृद्धि गरेको छ । सफ्टवेयर खरिद, क्लाउड सेवा र अनलाइन उपकरणहरूका लागि हुने खर्चको सीमा बढाइएको हो ।

नयाँ व्यवस्थाअनुसार सफ्टवेयर वा सूचना प्रविधिसँग सम्बन्धित सेवाहरू खरिद गर्नका लागि बैंकहरूले अब प्रतिवर्ष ३ हजार अमेरिकी डलरसम्मको 'प्रिपेड कार्ड' जारी गर्न सक्नेछन् । यसअघि यस्तो सीमा न्यून हुँदा कम्पनीहरूले अन्तर–राष्ट्रिय सफ्टवेयर र लाइसेन्स खरिद गर्न कठिनाइ भोग्दै आएका थिए । साथै, राष्ट्र बैंकले डलर कमाउनेलाई थप सुविधा दिएको छ ।

यदि कुनै आईटी कम्पनीले आफ्नो सेवा विदेशमा निर्यात गरेर डलर आम्दानी गर्छ भने त्यस्ता कम्पनीका लागि प्रिपेड कार्डको सीमा बढाएर वार्षिक ५ हजार डलर पुऱ्याइएको छ । यसले बढीभन्दा बढी सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न कम्पनीहरूलाई प्रोत्साहित गर्नेछ ।

यस्तै, नयाँ व्यवस्थाअनुसार अनलाइनमार्फत वैदेशिक मुद्रा आर्जन गर्ने व्यक्तिगत फ्रिल्यान्सर वा डिजिटल उद्यमीहरूले आफ्नो कामसँग सम्बन्धित सफ्टवेयर, एप्लिकेसन वा अन्य डिजिटल सेवा खरिद गर्न अब वार्षिक २५ हजार अमेरिकी डलरसम्म बैंकिङ उपक–रणमार्फत भुक्तानी गर्न पाउनेछन् ।

यो व्यवस्थाले अन्तर्राष्ट्रिय प्लेटफर्ममा काम गर्ने नेपालीहरूलाई व्यावसायिक उपकरणहरू खरिद गर्न सहज बनाउनेछ । विशेषगरी सफ्टवेयर विकास गर्ने कम्पनीहरू, फ्रिल्यान्सर र डिजिटल सेवा निर्यात गर्ने युवाहरूलाई नयाँ व्यवस्थाले ठूलो राहत पुग्ने देखिएको छ ।

यसैगरी नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरूले आफ्सँग बाँकी रहेको नेपाली रुपैयाँलाई विदेशी मुद्रामा फिर्ता साट्न अब अन्तर्राष्ट्रिय विमानस्थल नै पुग्नुपर्ने बाध्यता हटेको छ । वाणिज्य बैंक र विकास बैंकहरूबाटै सटही सुविधा लिन पाउने नयाँ व्यवस्था गरिएको हो ।

नयाँ व्यवस्थाअनुसार अब विदेशी पर्यटकले विमानस्थलको काउन्टरका अतिरिक्त आफूलाई पायक पर्ने कुनै पनि वाणिज्य बैंक वा राष्ट्रिय स्तरका विकास बैंकमा गएर नेपाली रुपैयाँलाई विदेशी मुद्रामा साट्न सक्नेछन् । बैंकबाट सटही गर्दा विदेशी नागरिकले आफ्नो राहदानी र हवाई टिकटको प्रतिलिपि पेश गर्नुपर्नेछ । विमानस्थलको काउन्टरमा साट्दा भने राहदानी र बोर्डिङ पास भए पुग्नेछ ।

तर, अमेरिकी डलर १०० वा सो बराबरको सानो रकम सटही गर्नका लागि पहिले पैसा फिकेको वा साटेको रसिद आवश्यक पर्ने छैन । १०० डलरभन्दा बढी रकम साट्नुपरेमा भने पहिले एटिएमबाट पैसा फिकेको वा बैंकमा डलर साटेको आधिकारिक रसिद अनिवार्य बुझाउनु पर्नेछ ।

यसैगरी क्यासिनोहरूमा विदेशी पर्यटकले जित्ने ठूलो परिमाणको रकम भुक्तानीमा राष्ट्र बैंकले कडाइ गरेको छ । क्यासिनो विनिडको भुक्तानीमा नगदको सीमा तोक्दै बाँकी रकम बैंकमार्फत मात्र दिनुपर्ने अनिवार्य व्यवस्था गरेको हो ।

आनन्दभैरव आविको अभिभावक भेला

हेटौंडा/हेटौंडा-११ स्थित आनन्दभैरव आधारभूत विद्यालयमा अभिभावक भेला सम्पन्न भएको छ । वडाध्यक्ष जुना दाहालको उपस्थितिमा बुधवार सम्पन्न भेलाले विद्यालय व्यवस्थापन समितिका लागि चार जना अभिभावक सदस्यहरू सर्वसम्मतरूपमा चयन गरेको छ ।

चयन हुनेहरूमा रामबहादुर थोकर, कल्पना आले, सीतामाया थोकर र ईश्वर सिलवाल (नविन) रहेका छन् । गत फागुन १ गते नै निवर्तमान अध्यक्ष प्रकाशचन्द्र पाण्डे नेतृत्वको समितिको कार्यकाल पुरा भए पनि निर्वाचन आचारसंहिताका कारण अभिभावक भेला हुन नसकेको र नयाँ समिति गठन प्रक्रिया रोकिएको विद्यालयका प्रधानाध्यापक राजु घिमिरेले जानकारी दिए । प्रधानाध्यापक घिमिरेका अनुसार चार जना अभिभावकको टोलीले एक जना महिला र एक जना पुरुष गरी दुई जना समाजसेवीलाई सदस्यको रूपमा छनोट गर्नेछ । यसैगरी विद्यालयका शिक्षकहरूबाट एक जना र बडाबाट एक जना प्रतिनिधि गरी ९ सदस्यिय विद्यालय व्यवस्थापन समितिले पूर्णता पाउनेछ ।

बुधबार नै समितिलाई पूर्णता दिने लक्ष्यसहित अभिभावक भेला आह्वान गरिए पनि वर्षाका कारण बैठक प्रभावित भएकाले आगामी आइतबारसम्मका समितिको दुइो लाग्ने प्रधानाध्यापक घिमिरेले बताए । निवर्तमान अध्यक्ष प्रकाशचन्द्र पाण्डेको सभाध्यक्षतामा भएको सो भेलामा विद्यालय प्रशासनले विद्यालयको आर्थिक प्रतिवेदन र आगामी शैक्षिक कार्यक्रमहरु प्रस्तुत गरेको थियो ।

भेलाले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूका लागि 'अनुशासन आचारसंहिता' लागू गर्ने निर्णय समेत गरेको छ । विद्यालयको शैक्षिक, आर्थिक तथा अन्य गतिविधिहरूको अनुगमनका लागि अभिभावकहरूकै नेतृत्वमा एउटा छुट्टै अनुगमन समिति समेत बनाइने उनले बताए । उक्त समितिले विद्यालयमा लागू गरिने आचार संहिता र समग्र क्रियाकलापको नियमित निगरानी गर्नेछ ।

आईटीएफ एसिया १२ एन्ड अन्डर टेनिस

काठमाडौं/आईटीएफ एसिया १२ एन्ड अन्डर टेनिस प्रतियोगिता यही अप्रिल १३ देखि सुरु हुने भएको छ । बिहीबार (चैत २६) आयोजक नेपाल टेनिस संघले पत्रकार सम्मलेन गरी प्रतियोगिताको जानकारी गराएको हो ।

प्रतियोगिता आगामी चैत्र ३० गतेदेखि बैशाख ४ गते सम्म सञ्चालन गरिनेछ । प्रतियोगिताका सम्पूर्ण खेल सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुने आयोजकले जनाएको छ ।

सिंगापुरमा आउँदो सेप्टेम्बर १५ देखि २० सम्म हुने एसियाली फाइनलको दक्षिण एसियाली क्षेत्रीय छनोट समेत हो यो । संघले प्रतियोगितावाट पुरुष र महिलातर्फ दुई/दुई राष्ट्र छनोट हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा दक्षिण एसियाका सात राष्ट्रमध्ये बंगलादेश बाहेक नेपाल, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलंका गरी ६ मुलुकको सहभागिता रहने जनाएको छ ।

प्रतियोगितामा नेपाल, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलंकाबाट पुरुष र महिलातर्फ समान तीन र भुटानबाट पुरुषतर्फ तीन गरी कुल ३३ खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ ।

दिनमा बाँदर, रातमा बँदेल

रोल्पा/सुनिलस्मृति गाउँपालिका-२, खुर्गी महेन्द्रीकी किसान तिला बिक वन्यजन्तुको आतंकबाट आजित छिन् । बारिमा लगाएको बाली सपन नपाउँदै वन्यजन्तुले खाइदिँदा उनी चिन्तामा परेकी हुन् । यस भेगमा बर्सेनि बारिमा लगाएको बालीनाली वन्यजन्तुले सखाप पार्ने गरेका छन् । दिनमा बाँदर आतंक र रातमा बँदेल, रातोलगायत जंगली जनावरले किसानलाई सताउने गरेका छन् ।

'बाँदरले धेरै समस्या गरेको छ । यहाँ मकै, तरकारी अन्नबाली खाने गरेको छ,' तिला बिकले भनिन्-एक त सिचाई सुविधा प्रशस्त छैन, त्यसमाथि थोरैथोरै पानी जम्मा गरेर घरमा खानका लागि लगाएको तर कारी पनि बाँदर आएर एकैछिनमा सकिदिन्छ । जंगली जनावरले हैरानीमा पारेको उनको भनाइ छ । 'बारिमा लगाएको आलु एक दाना पनि लैजान पाएनौं हामीले,' उनले थपिन्-बारिमा जे लगाए पनि बाँकी राख्दैन, खेती गर्नु दुःखमात्र हुन्छ ।

बारिमा लगाएको तरकारी, अन्नबालीमात्र होइन, बाँदरले त घर भित्र पसेरसमेत क्षति पुऱ्याउन थालेको छ । 'बारिमा लगाएका सबै खान्छ प्याज लसुन, जे पनि खान्छ । त्यतिमात्र नभएर घरभित्रै पस्छ । यहाँ त केही गर्ने पनि नहुने भयो । गहुँ, अदुवा, मकै जे लगाए पनि आएर खाइदिहाल्छ,' अर्की किसान कली सुनारले दुःखेसो पखिन् । 'राति बँदेल आएर खाएर खान्छ, दिनभर बाँदर । उठ्ननी पनि खासै हुँदैन,' उनले भनिन्-बाँदर, बँदेल नआउने उपाय गरिदिए हुन्थ्यो । पछिल्लो समय वनमा वन्यजन्तु बढ्दै-रहेको छ । जंगलमा वन्यजन्तुको लागि प्रशस्त मात्रामा आहार नहुँदा किसानले लगाएको बालीमा समेत वन्यजन्तुले क्षति पुऱ्याउन थालेको छ । बारिमा लगाएको बाली सपन नपाउँदै वन्यजन्तुले खाइदिँदा उनी चिन्तामा परेकी हुन् । यस भेगमा बर्सेनि बारिमा लगाएको बालीनाली वन्यजन्तुले सखाप पार्ने गरेका छन् । दिनमा बाँदर आतंक र रातमा बँदेल, रातोलगायत जंगली जनावरले किसानलाई सताउने गरेका छन् ।

महेन्द्रीकै कृषक चन्द मर मथानीको गुनासो पनि उस्तै छ । वन्यजन्तुका कारण बारिमा भएको खेतीपाती सबै सखाप हुने गरेको उनी बताउँछन् । 'यस विषयमा तारजालीका लागि बजेट माग्ने भनेर हामी प्रदेश सरकार, स्थानीय सरकार, वन कार्यालयलगायतको निकायमा गएका थियौं । तर, केही भएन,' उनले भने-यहाँ वनको अक्षयकोष छ ।

त्यसबाट हामीलाई क्षतिपूर्ति दिने भनेको छ । तर, दिएको थाहा पाइएको छैन । बाँदरको विकल्पमा अरु खेती गर्ने पनि बँदेल, राते, मयुर लगायत वन्यजन्तु पनि आउने भएकाले यो एकदम चुनौती भएको उनी बताउँछन् ।

'पहिले त धेरै समस्या थिएन, हाल त धेरै भयो,' उनले भने-वन्यजन्तु मार्न पनि नपाउने, बन्देज गर्न पनि नपाउने भएर होला वन्यजन्तुको संख्या बढ्दो । खेतीपातीबाट लगानीअनुसार फल प्राप्त नभए पनि किसान बिस्थापित हुन थालेको उनले बताए । लागत उठाउन मुस्किल भएकाले खेतीबाट किसान बिस्थापित भइरहेको उनले बताए । जसको कारण बसाईसराइको जोखिम बढ्दो छ भने अन्य देशमा एएर रोजगारी गरी रोजीरोटी चलाउनुपरेको उनले बताए । वन्यजन्तु नियन्त्रणको माग गर्दै यहाँका किसानले स्थानीय सरकार, प्रदेश सरकार, वन कार्यालयलगायत सम्बन्धित निकायमा पटकपटक जानकारी दिँदा पनि सुनुवाइ नभएको किसानको गुनासो छ । सुनिलस्मृति गाउँपालिका-२ की वडा सदस्य दीना सोनी वन्यजन्तुको आतंकको विषयमा पालिकामा छलफल भएको बताइन् ।

'बस्तीको चारैतिरबाट तार जालीका लागि भनेर कुरा पालिकासम्म पनि पुगेको छ,' उनले भनिन् । वन्यजन्तुको आतंकले किसान हैरानीमा छन् ।

मेहनत गरी खेतीपाती गऱ्यो, क्षणभरमै वन्यजन्तुले सखाप पारि दिने यस्ता समस्याबाट आजित भएका किसान यसको बिकल्पको खोजी गरि दिन अनुरोध गरेका छन् । गाउँका करिब दुई सय घरधुरी यसको प्रत्यक्ष मारमा छन् । पछिल्लो समय जंगलनजिक बस्ती वन्यजन्तुले क्षति गरिहाले भएकाले बाँझै रहन थालेका छन् ।

हकदावीसम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक: राज कुमार श्रेष्ठ, नारायणलाल श्रेष्ठ र गीता श्रेष्ठ (छोराहरु र बुहारी)
जग्गावाला: नक्कली श्रेष्ठ (आमा/सासू)

जिल्ला मकवानपुर सावकि हटिया गाविस वडा नं. ७ को कि.नं.४६३ को क्षेत्रफल ज.वि.०-११-१३ जग्गा सावकिमा कृष्णबहादुर रिजालको नाममा नापी नक्सा भएकोमा जि.म.ना.स.स.स.को मिति २०३४/११/२ को निर्णयबमोजिम प्रा.ना.अ. क्यामप्को द.नं. ७७७ २ नम्बर ना.टो.तोक को द.नं.१६१ मिति २०३७/०८/२४ को तोक आदेशबमोजिम कृष्ण बहादुर रिजाल बदर भई नक्कली श्रेष्ठ कायम भएको, साथै कि.नं. ६६४ को क्षेत्रफल ज.वि ०-१-७ र ६७५ को क्षेत्रफल ज.वि १-८-१४ जग्गाहरु प्रेमलाल श्रेष्ठको नाममा नापी नक्सा भएकोमा प्रा.ना.अ क्यामप्को द.नं. ७७९ र २ नम्बर ना.टो तोक को द.नं. १४३ मिति २०३७/०८/१३ को तोक आदेशबमोजिम प्रेम लाल श्रेष्ठ बदर भई नक्कली श्रेष्ठ कायम भएकोमा कि.नं. ६७५ सु.स.स.अ.बाट विभिन्न समयमा कित्ताकाट भई कि.नं. २०६५ को क्षेत्रफल ज.वि. १-०-१४ जगमासमेत नक्कली श्रेष्ठकै नाममा बाँकी कायम हुन आएको र हटिया पं. गोठदमार मौजेको रैती नं. २८ को रैती टुईचा श्रेष्ठको नाममा सावकि भोग लगत कायम भई उल्लेखित जग्गाहरु दर्ता हुन छुट भएकोमा निज जग्गावाला नक्कली श्रेष्ठको मिति २०७३/०६/२६ मा मृत्यु भएको र निजको एकमात्र पति टुईचा श्रेष्ठ भन्ने प्रेमलाल श्रेष्ठको पनि मिति २०७४/०३/१७ मा मृत्यु भएकोमा निजहरुको हकवाने निजहरुबाट जायजन्म भएका तीन छोरीहरु बवाहादान भई पर घर गईसकेको र तीन छोराहरु जेठो राज कुमार श्रेष्ठ, माहिलो नारायणलाल श्रेष्ठ र कान्छो गणेशबहादुर श्रेष्ठ भएकोमा कान्छो छोरा गणेशबहादुर श्रेष्ठको पनि मिति २०७७/०४/१९ मा मृत्यु भईसकेको र निजको हकमा हकवाने एक मात्र पत्नी गीता श्रेष्ठ भएको र उल्लेखित जग्गावालका हकवाने हालका हकदारहरुमा दुई छोराहरु राजकुमार श्रेष्ठ र नारायणलाल श्रेष्ठ तथा एक बुहारी गीता श्रेष्ठ गरी जम्मा तीनजना मात्र भएको र उल्लेखित जग्गाहरु फिल्डबुकवाला र निजका नजिकका हकदारको मृत्यु पूर्व निजहरुले नै र निजहरुको मृत्युपश्चात निजहरुका जिवित हकदार निवेदकहरुले नै सावकिदेखि हालसम्म निरन्तर जोतभोग तथा भोगचलन गरी आएकोले हामी निवेदकहरु राजकुमार श्रेष्ठ, नारायण लाल श्रेष्ठ र गीता श्रेष्ठको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगर पालिका १८ नम्बर वडा कार्यालयको च.नं.४५४३ मिति २०८१/०१/२१ को छुट जगग दर्तासम्बन्धि हकदार तथा हकभोगसमेत खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु च.नं. ७८० मिति २०८२/०६/०९ को प्रेमलाल श्रेष्ठ र दुईचा श्रेष्ठ फरक/फरक नाम भएको व्यक्ति एकै भएको प्रमाणित सिफारिस पत्र, का.वा.पत्र, सावकि भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सासमेत राखी यस कार्यालयमा द.न/मि.नं.२०६ मिति २०८२/०८/०९ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित तपशिलका जग्गाहरु निवेदकको मागदावीबमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकूल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरुबाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरुबाहेक अरु कसैको हकभोग भएको भए वा साँध सिधियार तथा सरोकारित व्यक्तिहरुको स्वामित्वलगायतमा प्रतिकूल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि, खहरे र भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी मितिले पैतीस (३५) दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी/उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको मागबमोजिम भई जानेछ, पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

तपशिल :

सि नं.	फिल्डबुकको व्यहोरा : फिल्डबुकवाला	साविक गाविस/न.पा.	वडा नं.	कित्ता नं.	क्षेत्रफल ज.वि.	कैफियत/ निवेदक	साविक लगतको विवरण
१.	नक्कली श्रेष्ठ पं.हटिया वडा नं.-७ पति: प्रेमलाल श्रेष्ठ ससुरा: बुद्धिलाल	हटिया	७	४६३ ६६४ : ६७५ को फोर्ड कि.नं. २०६५	०-११-१३ ०-१-७ १-०-१४	राजकुमार श्रेष्ठ-१ नारायणलाल श्रेष्ठ-१ र गीता श्रेष्ठ-१ गरी जम्मा ३ जना	जिल्ला मकवानपुर हटिया पं. गोठदमार मौजेको रै.नं. २८ को रैती टुईचा श्रेष्ठको नाममा कायम रहेको ।

श्री मालपोत कार्यालय, मकवानपुर

ऋणीहरुको नामको ३५ (पैतीस) दिने म्याद पूर्जी

सूचना प्रकाशित मिति :२०८२/१२/२७

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस संस्थाबाट निम्न उद्देश्यका लागि लिनु भएको ऋणको भाखा नाघिसकेको हुँदा सो ऋण बुझाउन पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा गर्दै पनि हालसम्म सो ऋण रकम र समय-समयमा बुझाउनु पर्ने ब्याज, हर्जानासमेत नबुझाउनु भएकोले सहकारी ऐन-२०७४ को दफा-७९ र सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम यो २५ (पैतीस) दिने म्याद पूर्जी जारी गरिएको छ । उक्त म्याद पूर्जी पाएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र ऋणको साँवा र बुझाउने दिनसम्मको ब्याज हर्जानासमेत तिर्न/बुझाउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समयभित्र ऋण रकम नतिर`मा वा तिरी सकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावलीबमोजिम लिलाम बिक्री गरी ऋण रकम, ब्याज हर्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाईबाट असुल/उपर गरिनेछ साथै तपशिलमा उल्लेखित ऋणीहरुलाई मञ्जुरनामा लेखी धितो दिने व्यक्तिहरुलाई पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल :

सि. नं.	ऋणी संख्या	ऋणीको नाम	पिता/पतिको नाम	बाजे/ससुराको नाम	ठेगाना	२०८२ चैत्र २६ गते सम्म सावाँ	२०८२ चैत्र २६ गते सम्म ब्याज र हर्जाना
१	००३४३०००११	दिपेन ठकुरी	रमेश ठकुरी	बुद्दि बहादुर ठकुरी	हेटौडा-१४	५९४,२१३।१४	१०१।१०४।०३
२	००३४३०००१५	राजु श्रेष्ठ	सुर्जे बहादर श्रेष्ठ	गणेश बहादुर श्रेष्ठ	हेटौडा-०४	१,९६,०६२।२४	१२७०२९।६५
३	००३४३०००२४	बलिराम चौधरी	भुलाइ चौधरी थारु	शिव चौधरी	हेटौडा-०४	६,००,०००।००	५०३६००।२०
४	००३४३०००१४	मिन प्रसाद ढकाल	सोम प्रसाद ढकाल	रबि लाल ढकाल	हेटौडा-११	११९९,४५८।००	१९,००६०१।५१
५	००३४३०००१९	कल्पना बगाले	शिव कुमार सिवाकोटी	मित्र लाल सिवाकोटी	हेटौडा-१९	१०,००,०००।००	२४६३५५।२१७
६	००३४३०००१५	उमेश सुनार	तिलक बहादुर वि.क.	शखमान सुनार	हेटौडा-१९	१५,००,०००।००	२८,८६,२९२।८८
७	००३४७०००१५	जुनु बिश्वकर्मा	उमेश सुनार	तिलक बहादुर वि.क.	हेटौडा-१९	६,००,०००।००	१३९,३३८९।७८
८	००३४७०००१८	सिमा बरुवाल दवाडी	धन बहादुर दवाडी	जिम्दार दवाडी	हरिवन-१०	८,००,०००।००	८७,४४५।२७
९	००३४७०००१०	कान्छि माया पाखिन	शेर बहादुर पाखिन	सेति मान पाखिन	हेटौडा-०३	९,९०,०००।००	१०८७६४५।१४
१०	००३४७०००१४	मान बहादुर मुक्तान	कर्ण बहादुर मुक्तान	धनमान मुक्तान	हेटौडा-०८	१०,००,०००।००	७८९७९५।८५
११	००३४७०००००२	रुप बहादुर काकी	केशब बहादुर काकी	पदम बहादुर काकी	हाँडीखोला-५	४,९२,५००।००	१०३९९६५।३९
१२	००३४०००००१	बुद्दरत्न लामा	नेमा लामा	नख्मा लामा	हेटौडा-१३	३९९९९८।००	१५८८७५९।३७

नोट: १) सांवा तिर्न नसक्ने ऋणीहरुले ब्याज तथा हर्जाना बुझाई ऋण नविकरण गराउनु हुन जानकारी गराईन्छ ।
२) राखेको धितोबाट संस्थाको सम्पूर्ण बाकी रकम असुल/उपर नभएमा अन्य जायेजेथाबाट समेत असुल/उपर गरिनेछ ।

सहारा मल्टिपर्पस को-आपरेटिभ सोसाईटी लि.

प्रधान कार्यालय : मलंगवा, सर्लाही
फोन नं.: ०४६-५२१६०४/०४६-५२१७०४



सुरक्षित आप्रवासन कार्यक्रम सुदृढ गरिने

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशमा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन ऋमको प्रभावकारी कार्यान्वयन, समन्वय सुदृढीकरण तथा आगामी रणनीति निर्धारणका लागि प्रदेश कार्यक्रम समन्वय समिति बैठक भएको छ। श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेशको आयोजनामा, श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाको सभाध्यक्षतामा सम्पन्न बैठकले कार्यक्रमको प्रगति समीक्षा गर्दै विभिन्न रणनीतिक निर्णयहरु गरेको छ।

बैठकमा चालु आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित गतिविधि तथा प्राप्त उपलब्धिहरुको विस्तृत समीक्षा गरिएको थियो। बैठकमा विगतका निर्णयहरुको कार्यान्वयन अवस्थाको मूल्यांकन गर्दै सुधारका लागि आवश्यक निर्देशन दिइएको मन्त्रालयले जनाएको छ। कार्यक्रम समन्वय तथा कार्यान्वयन एकाईबाट

भएका निर्णयहरुलाई औपचारिक रुपमा अनुमोदन गरिएको छ। कार्यक्रमको दीगोपन सुनिश्चित गर्न स्थानीय तहमा प्रदान गरिँदै आएको प्राविधिक सहयोगलाई क्रमशः न्यूनीकरण गर्दै लैजाने रणनीतिसमेत बैठकले तय गरेको छ। प्रदेश सुशासन केन्द्रसँग सहकार्य गरी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय पनि गरिएको छ।

बैठकमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तालिम केन्द्रले मनोसामाजिक सेवाप्रवाहसम्बन्धि प्रगति विवरण प्रस्तुत गरेका थिए। प्रस्तुतिकरणपछि सहभागीबीच विस्तृत छलफल भएको थियो। बैठकले सुरक्षित आप्रवासन कार्यक्रमलाई संस्थागत्रुपमा मजबुत बनाउन आवश्यक कार्यविधि तर्जुमा गर्ने तथा आगामी आर्थिक वर्षमा लागि बजेट विनियोजन सम्बन्धमा सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

बैठकमा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापा, श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव, स्वीस विकास सहयोगका प्रतिनिधि, प्रदेशका विभिन्न मन्त्रालयका प्रतिनिधि, स्थानीय तहका प्रमुख, जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रतिनिधिलगायत सरोकारवाला निकायको सहभागिता थियो। मन्त्रालयका अनुसार बैठक बाट कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट मार्गचित्र तय भएको र आगामी दिनमा समन्वयलाई थप सुदृढ बनाउँदै लैजाने विश्वास लिइएको छ।

बैठकलाई सम्बोधन गर्दै श्रम, रोजगार तथा यातायात मन्त्री थापाले सुरक्षित आप्रवासन कार्यक्रमलाई थप प्रभावकारी, परिणाममुखी र दीगो बनाउनु आवश्यक रहेको बताए। उनले वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको अधिकार, सुरक्षा र सम्मान सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे। 'सुरक्षित आप्रवासन कार्यक्रमले श्रमिकलाई सही सूचना, सिप र मनोसामाजिक सहयोग उपलब्ध गराउँदै आएको छ। यसलाई अझ सुदृढ बनाउँदै स्थानीय तहसम्म संस्थागत्रुपमा स्थापित गर्न आवश्यक छ,' मन्त्री थापाले भने। उनले कार्यक्रम कार्यान्वयनमा सबै तहका सरकारबीच समन्वय अपरिहार्य रहेको उल्लेख गर्दै आगामी दिनमा सहकार्यलाई अझ मजबुत बनाइने बताए।

प्रमद्वारा औपचारिक प्रोटोकलको बेवास्ता

सन्देश संवाददाता

काठमाडौं/प्रधानमन्त्री बालेन्द्र शाहले बुधबार सिंहदरबारमा नेपालका लागि विभिन्न देशका राजदूतहरुसँग सामूहिक भेट गरे। प्राय: प्रधानमन्त्री र मन्त्री पदमा नयाँ नियुक्तिसँगै भेटघाटको क्रम सुरु हुन्थ्यो। उक्त परम्परालाई तोड्दै शाहले पहिलो पटक सामूहिक भेट गरेका हुन्।

कूटनीतिक सम्बन्धमा यसलाई नयाँ अभ्यासका रुपमा हेरिए पनि कूटनीतिक भेटघाटमा अपनाउनुपर्ने सामान्य सजगतामा भने उनी र उनको टिम गम्भीर देखिएनन्। त्यसले यति महत्वपूर्ण भेटलाई पनि क्याजुअल भेटको स्तरमा झारिदियो। यसको कारण थियो-प्रधानमन्त्री शाहले चयन गरेको पोशाक। कूटनीतिमा हरेक सानो विवरणको पनि अर्थ हुन्छ। कहाँ बोलाइयो, कस्तो भाषा प्रयोग भयो र बसाइको व्यवस्थापन कसरी गरियो भन्नेमात्र होइन, कस्तो पोशाक लगाइएको छ भन्नेसम्मको अर्थ हुन्छ। विश्वभर नै राष्ट्रप्रमुख वा सरकार प्रमुखहरुले विदेशी प्रतिनिधिहरुलाई भेट्दा कि त अन्तर्राष्ट्रिय औपचारिक सुट (सर्ट र टाईसहित) लगाउँछन्, कि आफ्नो देशको राष्ट्रिय पोशाक लगाउँछन्।

प्रधानमन्त्रीको सचिवालयले सार्वजनिक गरेको भिड्यो र तस्बिरमा सहभागी विभिन्न देशका राजदूतहरु औपचारिक पोशाकमा देखिएनन्। तर, प्रधानमन्त्री शाह प्राय: देखिने कालो टिसर्ट र कोटमा देखिए। धन्न, उनले कोटको टाँक भने लगाएका थिए। कूटनीतिक भेटघाट अनौपचारिक होइन, औपचारिक हुन्छ। जेनजी आन्दोलन र निर्वाचनको परिणामले शाहको शैली र स्वभाव बारे आन्तरिकमात्र होइन, वाह्यरुपमा पनि उत्तिकै चासो देखिन्छ। प्रधानमन्त्री नियुक्त भएपछिको पहिलो भेट भएकाले नेपालको हकमा कूटनीतिक क्षेत्रमा उक्त भेट निकै महत्वपूर्ण थियो। तर, ड्रेसकोडमा चुक्दा शाह र उनको टिमले यसलाई निकै हल्का र अपरिपक्व बनायो।

किनकि, टीसर्ट र कोटलाई क्याजुअल पोशाक मानिन्छ। राज्यको कार्यकारी प्रमुखले अर्को देशको कूटनीतिक प्रतिनिधिलाई भेट्दा सम्मानभाव अनिवार्य हुन्छ। यसमा भेटघाटस्थल, शैली र बसाइसँगै पोशाकको पनि अर्थ हुन्छ। त्यसैले, यस्तो अवस्थामा औपचारिक पोशाकको प्रयोग गरिन्छ। मन्त्रिपरिषद् बैठकदेखि संसद्समेममा टीसर्ट र कोटमा देखिए पनि आफ्नै शपथलगायत औपचारिक कार्यक्रममा प्रधानमन्त्री शाह कालो दौरा-सुरुवालमा देखिने गरेका छन्। तर, बुधबार उनी औपचारिक पोशाकमा देखिएनन्।

कूटनीतिमा टीसर्टजस्तो अनौपचारिक पोशाकको प्रयोग सामान्य होइन। यसले भेटघाटलाई पर्याप्त गम्भीरतासाथ नलिएको प्रष्ट देखायो। प्रधानमन्त्री शाह, प्रधानमन्त्री कार्यालय र परराष्ट्र मन्त्रालयले यति महत्वपूर्ण भेटघाटमा ड्रेसकोडलाई वास्ता नगरी यसलाई सामान्य अनौपचारिक भेटको स्तरमा झारि दिए। यसले सीधै औपचारिक प्रोटोकलको बेवास्ता गरेको देखायो। राज्यको गरिमा र उच्च ओहदाको अनुशासन कायम नगरेको प्रष्ट देखियो।

कालो सुटमा टीसर्ट लगाउनु फेसनको हिसाबले आधुनिक देखिए पनि कूटनीतिक शिष्टाचारको कडा मापदण्डभित्र यसलाई गल्ती मानिन्छ। यस्ता भेटघाटमा प्रधानमन्त्रीजस्तो ओहदाको व्यक्तिले परम्परागत् शिष्टाचार पालना गर्नु नै राष्ट्रिय छवि र मर्यादाका लागि उत्तम हुन्छ। तर, यसमा बुधबार बालेन र सरकारी संयन्त्र नराम्रोसँग चुके। राष्ट्रको अन्तर्राष्ट्रिय छवि बनाउनुपर्ने महत्वपूर्ण क्षण पनि 'के गर्नुपर्छ' भन्नेमा होइन, 'प्रधानमन्त्रीलाई के मनपर्छ' भन्ने कुरामा मात्र केन्द्रित देखियो।

आकर्षक बन्दै चौर

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडामा रहेको लोकतान्त्रिक चौर (हुप) लाई सुविधासम्पन्न र आकर्षक चौरका रुपमा विकास गरिने भएको छ। करिब ३ करोड बजेट व्यवस्थापन गरी चौरलाई प्रदेशकै खुला नमुना चौरका रुपमा विकास गर्न खोजिएको हेटौंडा नगर प्रमुख मीनाकुमारी लामाले बताइन्।

उनले हेटौंडा नगरलाई महिलामैत्री सहर निर्माण परियोजनाअन्तर्गत चौरको मास्टरप्लान बनाउने कार्य अन्तिम चरणमा पुगेको र मास्टर प्लान बनेसँगै निर्माण कार्यको लागि बोलपत्र आह्वान गरिने बताइन्। महिलामैत्री सहर निर्माण परियोजना र अन्य स्रोतबाट बजेट व्यवस्थापनसमेत गरिने उनले बताइन्।

बडा अध्यक्ष नवीन सिरदेलले चौरलाई फुटबल, भलिबल र क्रिकेट खेलमैदानलाई थप व्यवस्थित बनाइने, खुला जिम ममंत र थप गर्ने, बालबालिका खेल्ने, ज्येष्ठ नागरिकका लागि विशेषस्थलको व्यवस्था गर्ने, विभिन्न स्थान बस्ने र आराम गर्ने स्थान बनाइने, गेट र मञ्चं थप सुविधाजनक र आकर्षक बनाइने बताए। उनले यसअघि सार्वजनिक शौचालय, हिँड्ने ट्रयाक, भलिबल कोर्ट निर्माण गरिएको र क्रिकेट केज बनाउने कार्य जारी रहेको बताए। बडा कार्यालयको व्यवस्थापनमा ममंत र नियमित सर सफाइ गरिँदै आएको चौमास हालै ४ वटा हाईमाक्स जडान गरी रातमा पनि चौर क्षेत्र उज्यालो बनाउने व्यवस्था गरिएको छ। चौरलाई महिला, बालबालिका, अपांग र खेलमैत्री बनाउन विशेष ध्यान दिइएको बडा अध्यक्ष सिरदेलको जानकारी दिए।

ओली र लेखक हाजिरी जमानीमा रिहा

सन्देश संवाददाता

काठमाडौं/नेकपा एमालेका अध्यक्ष एवम् तत्कालीन प्रधानमन्त्री केपी शर्माओलीले आफ्नालई सरकार ले पूर्वाग्रह र प्रतिशोधपूर्णरुपमा फौजदारी अभियोग लगाएर १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा लिएको बताएका छन्। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा दमन गरेको र कयौं युवाको ज्यान लिएको आरोपमा ओली चैत १४ गते पक्राउ परेर बिहीबार हाजिरी जमानीमा रिहा भएका हुन्।

रिहा भएपछि अध्यक्ष ओलीले सामाजिकसञ्जालमा लेख्दै सरकारले पूर्वाग्रह र प्रतिशोधपूर्णरुपमा फौजदारी अभियोग लगाइ १३ दिनसम्म गैर कानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि अन्ततः आफू रिहा भएको दाबी गरेका छन्। उनले आफ्नो रिहाइका लागि आवाज उठाउने सम्पूर्ण न्यायप्रेमी दिदीबहिनी तथा दाजु-भाइहरु, कानुनी लडाईंमा अहोरात्र साथ दिने कानुन व्यवसायी, न्यायकर्मी, न्यायको पक्षमा वकालत गर्ने विभिन्न राजनीतिक दल, नेताहरु र सञ्चारकर्मीहरुप्रति आभार व्यक्त गरेका छन्।

अध्यक्ष ओलीले लेखेका छन्-सरकारले पूर्वाग्रह र प्रतिशोध पूर्णरुपमा फौजदारी अभियोग लगाइ १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि अन्ततः म रिहा भएको छु। मेरो रिहाइका लागि आवाज उठाउनुहुने सम्पूर्ण न्यायप्रेमी दिदीबहिनी तथा दाजुभाइ, कानुनी लडाईंमा अहोरात्र साथ दिनुहुने कानुन व्यवसायी मित्रहरु, न्यायकर्मीहरु, न्यायको पक्षमा वकालत गर्ने विभिन्न राजनीतिक दल, नेताहरु र सञ्चार कर्मीहरुप्रति आभार व्यक्त गर्दछु।

परमादेश जारी गर्ने सम्मानित सर्वोच्च अदालतप्रति उच्च सम्मान व्यक्त गर्दछु। प्रहरी नियन्त्रणामा रहँदा मप्रति मानवीय व्यवहार गर्ने प्रहरी प्रशासन र मेरो स्वास्थ्योपचार मा तल्लीन त्रिवि शिक्षण अस्पताल परिवारप्रति पनि म कृतज्ञ छु। मेरो रिहाइको माग गर्नेहरुमाथि चर्को दमन गरी घाइते बनाएका सबै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। उहाँहरुको उपचार खर्च राज्यले बेहोर्नु पर्दछ, यसमा राज्य उदासिन भए पार्टीले उपचार खर्च बेहोर्ने जानकारी गराउँछु। प्रतिकूल स्वास्थ्य अवस्थाका कारण केही दिन अस्पतालमै रहेर उपचार गराउने जानकारी गराउँदै यस घडीमा सद्भाव र शुभेच्छा व्यक्त गर्नुहुने पार्टीका समग्र नेताकार्यकर्ता एवम् समस्त शुभचिन्तकहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

उनीसँगै नेपाली कांग्रेसका नेता एवम् तत्कालीन गृहमन्त्री रमेश लेखक पनि हाजिरी जमानीमा रिहा बिहीबार भएका छन्। बिहीबार काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी पवनकुमार भट्टराईका अनुसार आवश्यक परेका बेला हाजिर हुने सर्तमा एमाले अध्यक्ष ओली र कांग्रेस नेता लेखकलाई उनीहरुका पत्नी क्रमशः राधिका शाक्य र यशोदा जोशी लेखकको जिम्मामा छाडिएको हो। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा ज्यान जाने गरी दमन गरेको अभियोगमा तत्कालीन प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकलाई जिल्ला प्रहरी परिसर काठमाडौंले गत चैत १४ गते शनिबार बिहान पक्राउ गरेको थियो।

स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल लगिएका एमाले अध्यक्ष ओली बिरामी भएका कारण त्यही दिन अस्पतालमै भर्ना भएका थिए भने लेखकलाई महाराजगञ्जमै रहेको प्रहरीको २ नम्बर गणमा राखिएको थियो। सोमबार सर्वोच्च अदालतका न्यायाधीश बिनोद शर्मा र सुनील पोखरेलको इजलासले उनीहरुको बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरे पनि परमादेश जारी गर्दै उनीहरुलाई थुनामुक्त हुने बाटो खुलाएको हो।

आठराई त्रिवेणीले आइतबार बिदा नदिने,

सन्देश संवाददाता

ताप्लेजुङ/संघीय सरकारले यसै सातादेखि लागू हुनेगरी सातामा दुई दिन शनिवार र आइतबार कार्यालय तथा विद्यालयमा बिदा दिने निर्णय गरेको छ। बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म कार्यालय संचालन गर्ने र त्यसको बदला सातामा दुई दिन बिदा गर्ने निर्णय गरेको हो।

तर, ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकाले भने संघीय सरकारको यो निर्णय नमान्ने भएको छ। बुधबार बसेको गाउँपालिकाको ६० औं कार्यपालिका बैठकले बिहान १० बजे मात्रै कार्यालय खोल्ने र आइतबार पनि बिदा नगर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष दिपेन्द्र पोमुले जानकारी दिए।

उनले भने, 'संघीय सरकारले गरेको यो निर्णय व्यवहारिक भएन। हाम्रोमा निगुरादिन, चाँगेबेखिको सेवाग्राही खाना खाएर आउँदा बल्ल ११/१२ बजेतिर आइपुग्छन्, कर्मचारीले पनि दुई घण्टा हिँडेर आउनुपर्छ।'

सरकारको निर्णय व्यवहारिक नदेखिएपछि बुधबार कार्यपालिका बैठकबाटै पुरानै समयमा कार्यालय संचालन गर्ने निर्णय गरिएको उनले बताए। पोमुले सबै जनप्रतिनिधि तथा कर्मचारीलगायतका सरोकारवाला पक्षसँग छलफल गरेर निर्णय गरिएको बताए।

अध्यक्ष पोमुले फेसबुकबाट पनि लेखेका छन्, 'आठराई त्रिवेणी गाउँपालिका शनिबार र आइतबार बिदा नहुने शनिवार मात्र बिदा हुनेछ। कार्यालय १०-५ नै लाग्ने। बरु बिदाको दिन पनि काम परे थप इन्सेन्टिभको व्यवस्था गरेर कार्यालयहरू सञ्चालन गर्ने।'

तर, कार्यपालिकाको निर्णय अनुसारको सूचना पालिकाको वेबसाइटमा भने राखिएको छैन। अध्यक्ष पोमुले आर्थिक वर्षको मुख्य काम गर्ने समय भएकाले पनि संघीय सरकारको कार्यालय समय परिवर्तनको निर्णय लागु गर्न नसकिने बताए। 'अभ्यास गरेर हेर्दा पनि कुनै हालतले ठिक देखिएन,' उनले भने। बुधबारसम्म भने बिहान ९ बजेने कार्यालय संचालन गरेर हेरेको पनि उनले बताए।

पोमुले विद्यालयमा पनि शनिबार मात्रै बिदा हुने उल्लेख गरेका छन्। 'पाठ्यक्रम विकास केन्द्रले २२० दिनको कोर्स डिजाइन गरेको छ। पढाइ हुने दिन भने १ सय ९० दिन मात्रै हुन्छ,' उनले भने, 'संघीय सरकारले अहिले गरेको निर्णयअनुसार हो भने त स्थानीय-स्तरमा हुने सबै खालका बिदा र परीक्षासमेतको समय कटाएर ८६ दिनमात्रै पढाइ हुने देखिन्छ। अनि हाम्रो शिक्षा कतातिर जान्छ? त्यसैले हामीले संघीय सरकारको निर्णय कार्यान्वयन गर्न सकेनौं।'

पोमुले सरकारले निर्णय गर्दैगर्दा पनि चैत २३ मै विरोध जनाएका थिए। उनले लेखेका थिए, 'भन्दा विरोध होला, तयारी विनाको हप्तामा दुई दिने बिदा फलदायी छैन र कार्यान्वयन कठिन छ। योबेला काम गर्ने बेला हो। कि आर्थिक वर्ष परिवर्तन गर्नुहोस् अनि शिक्षाको पनि पाठ्यक्रम परिवर्तन गर्नुहोस् नत्र कठिन छ।' पोमु नेकपा एमाले जिल्ला कमिटीका कार्यवाहक अध्यक्ष पनि हुन्।

उपसभामुखमा लामा र ठाकुरको उम्मेदवारी

सन्देश संवाददाता

काठमाडौं/प्रतिनिधिसभाको उपसभामुखका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्पा) बाट सरस्वती लामा र श्रम संस्कृति पार्टीबाट रविकुमारी ठाकुरको उम्मेदवारी दर्ता भएको छ। लामाको प्रस्तावकमा ज्ञानबहादुर शाही तथा समर्थकमा ताहिर अलि भाट, खुस्बु ओली र भरत गिरी छन् भने ठाकुरको प्रस्तावकमा आरेन राई तथा समर्थकमा अशोककुमार चौधरी र अम्बिकादेवी संगौला रहेको संघीय संसद् सचिवालयले जनाएको छ।

सचिवालयको कार्यतालिका अनुसार हिजो बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म सभा कुने सदस्यलाई उपसभामुखमा निर्वाचित गरियोस् भनी प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ८ को उपनियम (२) बमोजिम प्रस्तावको सूचना दर्ता गर्न समय निर्धारण गरिएको थियो। दर्ता भएका उम्मेदवारीको सूचनालाई दर्ता क्रमअनुसार सूची प्रकाशन गर्न २:३० बजेको समय तोकिएको थियो। उम्मेदवारका प्रस्तावकले प्रस्ताव र समर्थकले समर्थन गरी उम्मेदवारीको सूचनामाथि आज (चैत २७ गते) दिउँसो ४ बजे हुने सभाका छलफल भइ निर्णयार्थ प्रस्तुत गरिने छ। संविधानतः सभाको सभामुख र उपसभामुखमा फरक राजनीति दल र फरक लिंगबाट प्रतिनिधित्व हुने व्यवस्था छ। फागुन २१ गतेको निर्वाचनपछि भएको प्रतिनिधिसभाको पहिलो अधिवेशनअन्तर्गत् चैत २२ गतेको बैठकबाट सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित भएका थिए।

खानीका ट्रिपरमा भुण्डिएर विद्यार्थीको यात्रा

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको भीमफेदी गाउँपालिका-३, इचडुङका बालबालिकाको कष्टकर र जोखिमपूर्ण विद्यालययात्रालाई सहज बनाउन पहल सुरु गरिएको छ। विगत केही महिनादेखि अवरुद्ध र हेंको स्कुल बससेवालाई पुनः सञ्चालनमा ल्याउन विद्यालय व्यवस्थापन समितिले अभिभावकसँग सामूहिक छलफल गरेको हो।

इचडुङ क्षेत्रमा माध्यमिक विद्यालय (मावि) नहुँदा त्यहाँका विद्यार्थी घण्टौं हिँडेर वा असुर क्षितढुंगले छिमेकी वडाका विद्यालयमा पुग्न बाध्य छन्। विशेषगरि भौगोलिक विकटता हिँदैमा धुलो र बर्खामा हिलाम्य हुने कच्ची सडकले यात्रा कष्टकर बनाउने गर्दछ। यातायातको विकल्प नहुँदा बालबालिकाहरु खानीका ट्रिपरमा झुण्डिएर यात्रा गर्न विवश छन्, जसले जुनसुकै बेला ठूलो दुर्घटना निम्त्याउनसक्ने खतरा छ।

बाराही माबि विद्यालय व्यवस्थापन समिति अध्यक्ष रमेश आचार्यले सूचना जारी गर्दै विगतमा विभिन्न प्राविधिक कारणले बससेवा रोकिएको स्पष्ट पार्दै उनले भने-विगतका समस्यालाई बिर्सेर आगामी शैक्षिक सत्रदेखि नियमित बस सञ्चालन गर्न अभिभावकहरुको साथ अनिवार्य छ। बाराही माविमा छलफल गरी ठोस निष्कर्षमा पुग्न हामी सम्पूर्ण अभिभावकलाई अनुरोध गर्दछौं। उनले बैशाख १५ गतेदेखि विद्यालय सञ्चालन हुने जानकारी दिए।

स्थानीय अभिभावकले विद्यालयको यस कदमलाई सकारात्मकरुपमा लिएका छन्। तर, यस समस्याको दीर्घकालीन समाधानका लागि सम्बन्धित वडा कार्यालयले मध्यस्थकर्ताको भूमिका खेलुपर्ने र सडकको अवस्था सुधारमा ध्यान दिनुपर्ने देखिन्छ। सबै पक्षको सहकार्य भए इचडुङका बालबालिकाले ट्रिपरमा झुण्डिएर नभइ सुरक्षित बसमा विद्यालय आउजाउ गर्न पाउने आशा पलाएको छ।

स्वास्थ्यचौकीमै म्याद सकिएको औषधि

सन्देश संवाददाता

लुम्बिनी/लुम्बिनी सांस्कृतिक नगरपालिका-५ स्थित तेनुहवा स्वास्थ्यचौकीले बिरामीको स्वास्थ्यमा चरम लापरवाही गर्दै म्याद गुज्रिएको औषधि वितरण गरेको फेला परेको छ। उपचारका लागि पुगेका बिरामीलाई सन् २०२५ मेमै म्याद सकिएको जुकाको औषधि दिएको पाइएको हो।

वडा-११, महदेवाका सेवाग्राही ३० वर्षीय फैजुल्लाह फकिरका अनुसार उनलाई दिइएको औषधिको म्याद जाँच गर्दा करिब १ वर्षअघि नै सकिएको भेटिएको थियो। फकिरले यसबारे तत्काला प्रश्न उठाएपछि सम्बन्धित स्वास्थ्यकर्मीले गैर-जिम्मेवार भइ औषधि खोसेर डस्टबिनमा फालेका थिए। उनले भने-हामी सरकारी स्वास्थ्य संस्थामा भरोसा गरेर जान्छौं। तर, त्यहाँ म्याद नाघेको औषधि दिनु र थाहा पाएपछि उल्टै प्रमाण लुकाउन खोज्नुले कर्मचारीको नियतमा आशंका जन्माएको छ।

यस विषयमा तेनुहवा स्वास्थ्यचौकीका इञ्चार्ज सिनियर अहेव कैलाशप्रसाद बस्यालले भने औषधिको म्याद नाघेको कुरा अस्वीकार गरेका छन्। उनले औषधिको म्याद नसकिएको दाबी गर्दै भुलवश म्याद सकिएको पुरानो उडबामा औषधि राखिएकाले भ्रमसिर्जना भएको तर्क गरे। यद्यपि, सुरक्षित औषधि भण्डारण र वितरणको विश्वव्यापी नियमविपरीत म्याद नाघेको भाँडो वा प्याकेट प्रयोग गर्नुले स्वास्थ्यचौकीको व्यवस्थापकीय कमजोरीलाई प्रष्ट्याएको बस्यालले बताए।

घटना सार्वजनिक भएपछि स्थानीय युवा विक्रमसिंह लोधले स्वास्थ्य केन्द्रहरुमा नियमित अनुगमन नहुँदा यस्ता घटना दोहोरिइरहेको भन्दै आपत्ति जनाए। उनले भने-उपचार खोज्न आउने बिरामीको ज्यान जोखिममा पार्ने लापरवाही अक्षम्य छ। कर्मचारीको लापरवाही र नियमित स्टक जाँच नगर्ने प्रवृत्तिले लुम्बिनीका जनताको स्वास्थ्यमा खेलवाड भइरहेको लोधले बताए। उनले नगरपालिकाका सबै स्वास्थ्य संस्थामा तत्काल आकस्मिक अनुगमन गरी दोषीलाई कडा कार

निःशुल्क तालिमसम्बन्धि सूचना

उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरको सहयोगमा यस संघले निम्न मिति समय र स्थानमा निम्न अनुसारको तालिमहरु सञ्चालन गर्न लागेको हुंदा इच्छुक महानुभावहरुले समयमानै सम्पर्क गरी सीप सिकी उद्यमी बन्नहुन यो सूचना प्रकाशित गरिएको छ।

तालिमको नाम : अतिर केशरी बनाउने तालिम
तालिम अवधि : १५ दिन
आवश्यक प्रशिक्षार्थी संख्या: २० जना
आवेदन गर्ने मिति : २०८२ चैत्र २५ देखि २०८३ बैशाख २ गतेसम्म
अन्तर्वाता मिति : २०६३/०१/०३
अन्तिम नामावली प्रकाशन मिति : २०८३ बैशाख ४ गते कार्यालयमा टांसिनेछ।
तालिम सञ्चालन मिति : २०८३ बैशाख ६ देखि २०८३ बैशाख २१ गते सम्म
आवश्यक योग्यता : नेपाली नागरिकताको प्रतिलिपि, साधारण लेखपढ गर्न सक्ने र यो पेशाप्रति इच्छुक व्यक्ति।
सम्पर्क स्थान : संघको कार्यालय हेटौंडा-४, कान्तिराजपथ।
सम्पर्क नं. : कुमार पौडेल (९८५५०६७२८६) रामहरी तिमल्सिना ९८५५०३०८६६, चन्द्रावती पनेरु ९८४५९४३५८२, कृष्ण अर्याल ९८५५०६७९,४०, कार्यालय नं. ०५७-५९०२२६।

मकवानपुर घरेलु तथा साना उद्योग संघ

हेटौंडा उपमहानगरपालिका-४ कान्तिराजपथ, मकवानपुर

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका ऋममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला।

सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ। इच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। इच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२१२३७, ५२१४३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने